'जनआकांक्षा पूरा गर्न सरकारले काम गरिरहेको छ' | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ४५ • २०८२ साल असार २० गते शुक्रबार (4 July, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## एनजीओको नाममा भ्रष्टाचार

**अनिल तिवारी**

वीरगञ्ज । पर्सामा सामाजिक उत्थानको नाममा गैरसरकारी संस्थाहरुले कागजी प्रक्रिया पुऱ्याइ विकासका विभिन्न कामहरुको चांग गणना गराइए पनि भ्रष्टाचार भएको दाबी स्थानीयहरुले गर्दै आएका छन् ।

आर्थिक वर्षको अन्तिम समयमा स्थानीय निकायमा भएको केही सामाजिक संस्थाहरुको विकासको नाममा भ्रष्ट्राचारको भएको स्थानीयहरुले खुलासा गरेका छन् । पर्साका अमोद केवटले चलाएका संस्थाको नाममा करोडौं रुपैयाँ भ्रष्टाचार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निगरानीमा परेको बताइन्छ ।

उनीमाथि प्रारम्भिक अनुसन्धान शुरु भएको र त्यसमा संलग्न स्थानीय निकायका कर्मचारीहरुको संलग्नताबारे अनुसन्धान भइरहेको एक कर्मचारीले दाबी गरे । उजुरीकर्ताहरुको बयान, आर्थिक कारोबार र कागजी दस्तावेज संकलनबारे अनुसन्धान भइरहेको जनाइएको छ ।

एक कर्मचारीले दिएको जानकारी अनुसार केवटले पोखरिया नगरपालिका र बहुदरमाई नगरपालिका कर्मचारीसँग मिलेर चालु आर्थिक वर्ष २०८१/८२ मा जनचेतना तथा सीपमूलक तालिमका नाममा ठूलो रकम निकासा गराएका छन् ।

पोखरिया नगरपालिकाबाट करिब २ करोड रुपैयाँ र बहुदरमाई नगरपालिकाबाट १ करोड ६० लाख रुपैयाँ तालिमका लागि निकासा गरिएको थियो ।

तर ती कार्यक्रमहरू भने सञ्चालन नै नगरी फर्जी कागजात, उपस्थितिको नामावली, खर्च बिल र कार्यक्रमका तस्बिरहरू बनाइ रकम हिनामिना गरिएको खुलासा भएको दाबी गरिएको छ ।

त्यस्तै बहुदरमाइ नगरपालिकामा वडा र नगरस्तरीय तालिम कार्यक्रमको नाममा १ करोड ६० लाख रुपैयाँको बजेट विनियोजन गरिएको छ । ती कार्यक्रममध्ये ३५ लाख रुपैयाँ ८८ पहिला नै भुक्तानी भइसकेको छ । बाँकी रकमसमेत फर्जी प्रक्रियामार्फत निकाल्ने तयारी गरिएको स्थानीयहरुको आरोप छ ।

स्थानीय स्रोतका अनुसार, केवटले स्थानीय निकायका कर्मचारीहरुको मिलेमतोमो चलाएका भ्रष्ट्राचार अभियान मार्फत कमाएका अकुत सम्पति आर्जन गरको छ ।

यस प्रकरणले स्थानीय तहमा एनजीओ तथा तालिम कार्यक्रमको नाममा हुने सिण्डिकेट-आधारित अनियमितता, कर्मचारी र व्यवसायी बीचको मिलेमतो, र सरकारी रकमको खुला दुरुपयोग प्रति गम्भीर प्रश्न उठाइएको छ ।

### सीके राउतको निर्वाचन क्षेत्रमा साढे ४ सय योजना

# बिचौलिया प्रयोगबारे राउत मौन, प्रदेश सरकारलाई धन्यवाद

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले आफ्नो निर्वाचन क्षेत्रमा प्रदेश सरकारले योजना राखिदिएकोमा धन्यवाद दिएका छन् ।

यस अघि उनले मधेश प्रदेश सरकारले बजेट बनाउँदा बिचौलियाहरुले चलखेल गरेको आरोप लगाएका थिए । मधेश प्रदेश सरकारले अध्यक्ष राउतको क्षेत्रमा झण्डै साढे ४ सय योजना राखेको छ ।

डा. राउतले आफ्नो सचिवालय मार्फत बिहीबार योजनाहरुको नाम सार्वजनिक गरेका छन् । त्यसमा उनले झण्डै साढे ४ सय योजनाको नाम उल्लेख गरेका छन् ।

राउतको क्षेत्रमा ५ लाखदेखि ५० लाख सम्मको योजनाहरु राखिएको छ । राउतले सार्वजनिक गरेको योजनाहरु मध्ये प्रदेश सांसदको सिफारिस, अन्य दलका नेताहरुको सिफारिसमा राखिएका योजनाहरु पनि गनिएको छ ।

यस अघि राउतले मधेश प्रदेश सरकारको बजेटमा बिचौलियाका योजनाहरू बढी राखिएको आरोप लगाएका थिए । आफ्नै पार्टीले सिफारिस गरेका भिजनरी योजनाहरू हटाइएकोमा उनले आक्रोश पोखेका थिए ।

सामाजिक सञ्जाल फेसबुकमा आफ्नो सचिवालयबाट स्टाट्स लेख्दै उनले आफ्नै पार्टीको नेतृत्वमा सरकार रहेता पनि दीर्घकालीन र भिजनरी योजनाहरू हटाइएको भन्दै आपत्ति जनाएका थिए ।

तर बिहीबार उनले प्रदेश सरकारलाई धन्यवाद दिँदै बिचौलियाको चर्चा गरेका छैनन् । जनमत पार्टीका एकजना नेताका अनुसार सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ मा राखिएका भौतिक पूर्वाधार विकास मन्त्रालय र उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयको त्रजेट क्रमशः नेकपा एमाले र नेपाली



कांग्रेसका नेताहरुको सिफारिसमा राखिएको छ । अध्यक्ष राउतले त्यो योजनाहरुको पनि आफ्नै बुझेर गणना गरेका ती नेताले बताए ।

'संघीयताको उपलब्धि कर्णाली प्रदेश अस्पताल वा रंगशालाजस्ता ठूला पूर्वाधार हुन, तर मधेश प्रदेशमा दुर्भाग्यवश अहिले पनि ५-१० लाखका ताई-न-तुईका टुक्रे योजनाहरूले रेडबुक भरिएको छ ' अध्यक्ष राउतले यसअघि लेखेका थिए ।

मधेश प्रदेशमा जनमत पार्टीकै नेतृत्वको सरकार र मुख्यमन्त्री हुँदाहुँदै पनि जनताको बीचबाट बुझेर ल्याइएका योजनाहरूलाई बजेटमा समावेश नगरिएको उनको दुखेसो थियो ।

'जनमत पार्टीले प्रदेशको समग्र विकासलाई लक्षित गर्दै दिएको 'रोडम्याप' अनुसारका योजनाहरू हटाइएका छन् ।' राउतले भनेका थिए, नाम मात्रका ५-१० लाखका योजनाका लागि बजेट छुट्याइएको

> "संघीयताको उपलब्धि कर्णाली प्रदेश अस्पताल वा रंगशालाजस्ता ठूला पूर्वाधार हुन, तर मधेश प्रदेशमा दुर्भाग्यवश अहिले पनि ५-१० लाखका ताई-न-तुईका टुक्रे योजनाहरूले रेडबुक भरिएको छ " अध्यक्ष र ाउतले यसअघि लेखेका थिए ।

छ ।',

राउतले संघीयताको औचित्यप्रति जोड दिँदै संघीय प्रणाली नभएको भए ५-१० लाखका योजनाका लागि पनि सिंहदरबार धाउनुपर्ने अवस्था आउँथ्यो भने उल्लेख गर्दै संघीयता पछि प्रदेश सरकारले आफ्नो आवश्यकता र प्राथमिकता अनुसार योजना बनाउने क्षमता राख्न थालेको दाबी गरेका थिए ।

तर मधेशमा भने त्यस्तो प्रगतिशील सोचमा अवरोध आइरहेको र जनतामै आधारित योजनाहरूलाई पाखा लगाइएको अध्यक्ष राउतको आरोप थियो । 'जनमत पार्टीले संसदीय दल र पार्टीस्तरमै यस विषयमा आवश्यक छलफल गर्ने बताएका थिए ।

सरकारबाट नै हट्ने सम्मको घुर्की दिएका राउतको बयानपछि मधेश प्रदेश संसदीय दलको बैठकले समेत बजेट विनियोजनप्रति आपत्ति जनाएका थिए । सरकारबाट हटने विषयमा केन्द्रीय सचिवालयले निर्णय गर्ने जिम्मा लगाउँदै प्रदेश संसदीय दलले जनाएको असन्तुष्टिपनि साम्य भइसकेको छ ।

डा.राउतले प्रदेश सरकारबाट अलग्गिने आफ्नै भनाइलाई मिथ्या साबित गर्दै कुनै हालतमा सरकारबाट नहट्ने बताइसकेका छन् । उच्च स्रोतका अनुसार अध्यक्ष राउतले सरकारबाट हट्ने, मुख्यमन्त्री सतीश कुमार सिंहलाई स्पष्टीकरण सोध्ने लगायतका कामको पछाडि 'लेनदेन' रहेको बताइन्छ ।

राउतको अभिव्यक्ति १० दिनमै फेरिएको छ । तर प्रदेश सरकारका मन्त्रीहरुले प्रदेश सभामा सांसदहरुको सामना गर्न अझै तयार भइसकेका छैनन् । प्रदेश सरकारको बैठक कहिले बस्ने निश्चित छैन । बजेटमा बिचौलियाहरुको रजगज रहेको चौतर्फी चर्चा चलेको छ ।

प्रदेश सरकारले प्रदेश सभाको बैठकलाई अनिश्चितकालका लागि स्थगन गराएको छ । प्रदेश सभाको बैठक स्थगन भएपछि अहिले सभामुख रामचन्द्र मण्डल बजेट सिध्याउन संवाद, छलफल र गोष्ठीहरु गरिरहेका छन् ।






# नगदसहित पूर्वअनुसन्धानकर्मी पक्राउ




**दिलीप पाण्डे**

रौतहट। रौतहटको गौरबाट सशस्त्र प्रहरीले स्रोत नखुलेको नगद दुई लाख ५० हजार रुपैयाँसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्ने व्यक्ति राष्ट्रिय अनुसन्धान कार्यालयका पूर्वकर्मचारी जितेन्द्र राउत रहेका छन्।

सशस्त्र प्रहरी बल गण नम्बर ११ गौरद्वारा प्राप्त जानकारी अनुसार राउत भारतबाट नेपालतर्फ बिआर ३० एल ६९४७ नम्बरको मोटरसाइकलमा आउँदै थिए। गौर भन्सार कार्यालय नजिकैको सडकमा चेकजाँचको क्रममा उनलाई रोकी खोजतलास गर्दा उनले टाउकोमा लगाएको हेलमेट भित्र लुकाएको अवस्थामा नगद रकम फेला परेको छ।

स्रोत नखुलेको उक्त रकम बरामद गरेपछि सशस्त्र प्रहरीले राउतलाई नियन्त्रणमा लिई थप कारबाहीका लागि भन्सार कार्यालय गौरमा पठाएको जनाएको छ।

सशस्त्र प्रहरीका अनुसार भारतबाट अवैध रुपमा नगद भित्र्याउने कार्यको अनुगमन तथा नियन्त्रणलाई प्रभावकारी बनाउन चेकजाँचलाई थप कडाई गरिएको छ। पक्राउ परेका राउतसँग रकमको श्रोतका बारेमा सोधपुछ भइरहेको प्रहरीले जानकारी दिएको छ।

# मनसुनजन्य विपद्ः
# विगतमा के भयो, के सिकियो ?



काठमाण्डु । नेपालमा विगत १० वर्षको अवधिमा मनसुनजन्य विपद्का घटनाहरू तीव्र रूपमा बढेका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिरकणको तथ्याङ्कअनुसार २०७२ सालदेखि २०८१ सम्म मनसुनजन्य विपद्का घटनामा परी दुई हजार ३१७ जनाले ज्यान गुमाएका छन् । य स अवधिमा मनसुनसँग सम्बन्धित बाढी, डुबान, भूक्षय, भारी वर्षा, चट्याङ र आकस्मिक बाढीका कारण आठ हजार ४१८ विपद्का घटना भएका छन् । ती घटनाबाट ५६ हजार ७०५ परिवार प्रभावित भएका छन् । यसैगरी, ३६ हजार ४७९ घर, १९५ पुल र एक हजार ३४६ गोठमा क्षति पुगेको छ ।

विसं २०८१ को मनसुनजन्य विपद्को घटनाबाट ४९५ ले ज्यान गुमाएका छन् । त्यस वर्ष पहिरोमा परी ३४४, बाढीका कारण ९१, भारी वर्षाका कारण आठ र चट्याङका कारण ५२ जनाले ज्यान गुमाएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । सो वर्षको बाढीका कारण १८ र पहिरोका कारण ४८ जना अझै बेपत्ता छन् ।

**मृत्युदरमा पहिरोको प्रभाव बढी**

तथ्याङ्क विश्लेषण गर्दा पहिरोको कारण मानवीय क्षति बढी देखिएको छ । १० वर्षको अवधिमा पहिरोका कारण एक हजार २९६ जनाको ज्यान गएको छ । यस्तै, बाढीले ५३९ र चट्याङले ३८५ जनाको ज्यान लिएको छ ।

सो अवधिमा दुई हजार ६४९ जना घाइते भएका छन्भने ४१९ जना बेपत्ता छन् । सबैभन्दा बढी घोइते पनि पहिरोकै कारण भएको तथ्याङ्क छ । यस अवधिमा तीन हजार ५३२ पहिरोका घटना भएका छन्, जसबाट एक हजार १३६ घाइते र १७ हजार २३६ परिवार प्रभावित भएका छन् ।

भू-गर्भविद् डा सुबोध ढकालले बाढी पूर्वानुमान प्रणालीमा सुधार भए पनि पहिरोको पूर्वानुमान अझै चुनौतीपूर्ण रहेकाले यसबाट हुने मानवीय क्षति बढी भएको बताउनुभएको छ । "पहिला बाढीका कारण धेरै मानिसको ज्यान जान्थ्यो, तर अहिले पूर्वानुमान प्रणालीको सुधारले जनधनको क्षति घटेको छ", उहाँले भन्नुभयो, "तर पहिरोका विषयमा पूर्वसूचना प्रणालीको विकास भएको छैन । अझै पनि पहिरो पूर्वानुमान गर्न गाह्रो छ ।"

डा ढकालका अनुसार पहाडका धेरै बस्ती पुराना पहिरो गएका जमिन क्षेत्रमै बसेकाले पनि जोखिम बढिरहेको छ । त्यस्ता ठाउँमा फेरि पहिरो जाने सम्भावना उच्च हुने गरेको उहाँको भनाइ छ । यस्तै, सडक तथा अन्य पूर्वाधार निर्माणका क्रममा वैज्ञानिक विधि नअपनाउँदा पनि जोखिम थप बढिरहेको ढकालले बताउनुभयो । "सडक खन्ने बेलामा संवेदनशील ठाउँ पहिचान नगरेरै निर्माण गरेको पाइन्छ । प्रविधिको उचित प्रयोग नगर्ने चलन कायमै छ । यस्तै, जहाँ जमिन छ, त्यहीँ घर बनाउने प्रवृत्ति छ । त्यो ठाउँ पहिरोको जोखिममा पर्छ कि पर्दैन भन्ने विश्लेषण नभई घरहरू बनिरहेका छन्", उहाँ भन्नुहुन्छ,"त्यसैले भू-उपयोग नीति वैज्ञानिक र व्यवस्थित हुनुपर्छ । प्राकृतिक प्रकोप न्यूनीकरणका लागि दीर्घकालीन सोच, वैज्ञानिक योजना र प्रविधिको उचित प्रयोग, पहिरोको पूर्वसूचना प्रणालीको विकास अपरिहार्य छ ।"

**यस वर्ष पनि बढी वर्षा**

मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिसकेको छ । विभागका महानिर्देशक कमलराम जोशीले मनसुनको चार महिनाको अवधिमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको भन्दै विशेष सतर्कता अपनाउन आवश्यक रहेको बताउनुभयो । "यस मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना छ । कर्णाली प्रदेशको पूर्वी भू-भाग, लुम्बिनीको उत्तरी भू-भाग र गण्डकीका अधिकांश भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत छ", उहाँले भन्नुभयो, "सुदूरपश्चिम प्रदेशको दक्षिणी भू-भाग, लुम्बिनीको पश्चिमी भू-भाग, गण्डकीको उत्तर-पूर्वी भू-भाग, बागमती र कोशी प्रदेशको उत्तरी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ ।"

यसैगरी, मधेश प्रदेशका पूर्वी तथा दक्षिणी भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छभने देशका बाँकी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको जोशीले सुनाउनुभयो ।

**यसपटक बिस लाख प्रभावित हुने**

यस वर्ष मनसुनजन्य विपद्का कारण करिब २० लाख मानिस प्रभावित हुने आकलन गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ ले यस्तो आकलन गरेको हो ।

प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले यस वर्ष मनसनुजन्य विपद्बाट देशभर करिब चार लाख ५७ हजार १४५ घरधुरीका १९ लाख ९७ हजार ७३१ जनसङ्ख्या प्रभावित हुने आकलन गरिएको बताउनुभयो । त्यसलाई मध्यनजर गरी आवश्यक पूर्वतयारी गरिएको पनि उहाँले जानकारी दिनुभयो । "यसपटक मनसुनबाट २० लाख मानिस प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभावित हुने अनुमान गरिएकामा दुई लाख मानिसचाहिँ प्रत्यक्ष प्रभावित हुनसक्ने अनुमान छ । जसलाई कुनै न कुनै रूपमा राहत व्यवस्थापन गर्नुपर्छ भनेर तयारी गरिरहेका छौँ", उहाँले भन्नुभयो, "स्थानीय तहमा स्वयंसेवकलाई तालिम दिइरहेका छौँ । सुरक्षा निकायसँग समन्वय गरी तयारी अवस्थामा राखेका छौँ । स्थानीय तहलाई विभिन्न तालिम दिएर बलियो बनाएका छौँ । नेपाल यातायात व्यवसायी महासङ्घसँग समन्वय गरेर विपद्को समयमा सवारीसाधन रोक्न अनुरोध गरेका छौँ ।"

**सूचना व्यवस्थापनमा जोड**

जल तथा मौसम विज्ञान विभागका बाढीविद् विनोद पराजुलीले मनसुन अवधिभर 'मौसम कक्ष' २४ घण्टा सक्रिय हुने तथा बाढी र डुबानबारे पूर्वसूचना एसएमएस, टेलिफोन र भ्वाइस म्यासेज प्रणालीमार्फत सार्वजनिक गरिने बताउनुभयो । नागरिकले '११५५' नम्बरबाट सिधा सूचना पाउने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो ।

**यस्ता छन् अन्य तयारी**

प्राधिकरणका अनुसार स्थानीय तहलाई नदी, खोलानाला सफा गर्र्न, ढल प्रणाली खुला राख्न, पहिरो सम्भावित क्षेत्रमा चेतावनी दिन, सुरक्षित स्थलमा अस्थायी आश्रय बनाउने कार्य प्राथमिकतामा राख्न भनिएको र सबै स्थानीय तहमा उद्धार टोली तयार पारिएको छ । नेपाली सेनाले विभिन्न हेलिकप्टर बेसहरूमा पूर्वतयारीसहित 'रेस्क्यु' टोली तैनाथ गर्ने र विपद् प्रतिकार्यमा हवाई उद्धारका लागि निजी हेलिकप्टर प्रयोग सम्बन्धमा वायुसेवा सञ्चालक सङ्घ र प्राधिकरणबीच समझदारीपत्रमा हस्तान्तरणसमेत भइसकेको छ ।

"विगतमा विपद् व्यवस्थापनमा भएका राम्रा र नराम्रा पक्षको विश्लेषणगरी आवश्यक पाठ सिकेका छौँ । कहाँ राम्रो भयो ? कहाँ चुक्यौँ ? के गर्दा थप राम्रो हुनसक्थ्यो भनेर समीक्षा गरेका छौँ । त्यही आधारमा यस वर्ष प्रतिकार्य योजना बनाएका छौँ", प्राधिकरणका कार्यकारी प्रमुख भट्टले भन्नुभयो, "विगतका अनुभव र सिकाइका आधारमा यस वर्ष पूर्वतयारीमा जोड दिएका छौँ । त्यसैले विगतभन्दा हाम्रो योजना सफल र प्रभावकारी हुने विश्वास छ ।"रासस

# अस्पतालमा महिलामाथि यौन दुर्व्यवहार प्रयास



**टुडे समाचारदाता**

राजविराज। सप्तरीको खडक नगरपालिकास्थित एडभान्स अस्पतालमा उपचारका लागि गएकी एक दलित महिलामाथि स्वास्थ्यकर्मीले बलात्कार प्रयास गरेको आरोप लगाएकी छन् ।

जिल्लाको खडक नगरपालिका-८ स्थित बिसनपुरकी २१ वर्षीया पीडित महिलाले बिहीबार राति पिसाब अड्किएर पेट दुखेपछि एम्बुलेन्समार्फत अस्पताल पुगेकी थिइन् । अस्पताल पुगेपछि ल्याब असिस्टेन्ट श्याम कुमार मण्डलले भिडियो एक्स-रेको बहानामा उनलाई अलग कोठामा लगेर यौन दुर्व्यवहार गरेको आरोप पीडितले लगाइन् ।

पीडित महिलाले जनाए अनुसार मण्डलले एक्स-रे कक्षमा लगेपछि निजले जथाभावी अंग स्पर्श गर्न थालेका थिए । त्यसपछि अर्को कोठामा लगेर पिसाब निकाल्ने पाइप राख्ने बहानामा जबरजस्ती गर्न खोजेका थिए ।

सो घटना सार्वजनिक भएपछि प्रहरीले आरोपित मण्डललाई नियन्त्रणमा लिई अनुसन्धान अघि बढाएको छ । सप्तरी जिल्ला प्रहरी कार्यालयका अनुसार पीडितको जाहेरीका आधारमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ ।

दलित महिला अस्पतालजस्तो संवेदनशील स्थानमै यौन आक्रमणको प्रयासमा परेपछि घटनाले स्थानीय स्तरमा आक्रोश उत्पन्न भएको छ । पीडित पक्षले दोषीमाथि कडा कारबाहीको माग गरेका छन् ।

सप्तरी प्रहरीले सो घटनाको गम्भीर रुपमा अनुसन्धान अगाडि बढाइरहेको जनाएको छ ।

# एकल महिला र सरसफाइकर्मीको स्वास्थ्य बिमा




काठमाण्डु । ललितपुर महानगरले महानगरभित्रका एकल महिला र सरसफाइकर्मीको स्वास्थ्य बिमा गरिदिएको छ ।महानगरपालिकाले बुधबार स्वास्थ्य बिमा बोर्डसँग स्वास्थ्य बिमाकोप्रिमियमव्यवस्थापनसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गरेर प्रिमियमबापत रु एक करोड भुक्तानीसमेत गरिएको जनाएको छ ।

समझदारीपत्रमा महानगरप्रमुख चिरीबाबु महर्जन र बिमा बोर्डका कार्यकारी निर्देशक रघुराज काफ्लेले संयुक्त रूपमा हस्ताक्षर गर्नुभएको छ । सम्झौताअनुसार महानगरले नगर प्रहरी, महानगरका सरसफाइकर्मी, सवारीचालक र महानगरमा बसोबास गर्ने एकल महिला र टोल स्वास्थ्य उत्प्रेरक (टिएचपी) को स्वास्थ्य बिमाबापतको शत्प्रतिशत प्रिमियम महानगरले तिर्ने छ । महानगरले पाटन अस्पतालसँगको प्राविधिक सहयोगमा स्वास्थ्य बिमा कार्यक्रम दुई वर्षअघि देखि सुरु गरेको थियो ।

महानगरप्रमुख चिरीबाबु महर्जनले महानगरवासीको स्वास्थ्य उपचारका लागि हरसम्भव प्रयास गरिएको बताउनुभयो । "हामीले पाटन अस्पतालसँग सहकार्य गरेर बिरामीको शय्यासम्म अक्सिजन व्यवस्थापनका लागि सहज बनाएका छौँ, लास व्यवस्थापन गर्न 'मर्चरी हाउस'को व्यवस्थापनका लागि सुविधा प्रदान गरेका छौँ । यो देशकै नमूना भएको छ, स्वास्थ्य क्षेत्रमा विषयविज्ञ चिकित्सकको अभाव र लापरबाही हुनुहुँदैन, यसमा हामी यसमा सचेत छौँ", उहाँले भन्नुभयो । महानगरप्रमुख महर्जनले स्वास्थ्य बिमाको उपचारका लागि स्वास्थ्य केन्द्रको व्यवस्थापन गरिएको र २१० जनाको क्षमता भएको ठाउँमा ३०० भन्दा बढीले दैनिक सेवा लिन आउने गरेको बताउनुभयो । "स्वास्थ्य बिमा बोर्डसँग गरेको यो सम्झौताले थप दायित्व सृजना गरेको छ । मुलुकको पायोनियर अस्पतालसँग समन्वय गरेर केही हदसम्म काम गरेका छौँ, भविष्यमा पनि राम्रो काममा सहकार्य गर्नेछौँ" उहाँले भन्नुभयो ।

बोर्डका कार्यकारी निर्देशक रघुराज काफ्लेले महानगरबाट राम्रो कामको थालनी भएको बताउनुभयो । "अरू ७५२ स्थानीय तहले पनि यसबाट सिक्नुपर्ने हुन्छ, ललितपुरले छुट्टै छवि कायम गरेको छ । विगत केही वर्षदेखिको कार्यसम्पादनले आफ्नो भूमिकालाई बलियो रुपमा स्थापित गरेको छ", उहाँले भन्नुभयो,"स्वास्थ्य बिमामा नसक्ने भुइँ तहमा रहेका लाखौँ नागरिक जोडिएका छन्, यसलाई राज्यले चाहेर पनि खोस्न सक्दैन । स्वास्थ्य बिमा ७५३ पालिका र सात प्रदेशका बेसहाराहरुको साहारा बन्दै गएको छ । नागरिकको बिमा गराउने नमूना काममा ललितपुर महानगर लागेकामा खुसी छौँ ।" पाटन अस्पतालका निर्देशक रवि शाक्यले ललितपुर महानगरको सहयोगमा देशकै आधुनिक शव व्यवस्थापन गृह व्यवस्थापन गरिएको र यसमा स्वास्थ्य बिमामा पनि महानगरले उत्कृष्ट काम गरेको भन्दै प्रशंसा गर्नुभयो ।रासस

# मरहा खोलामा डुबेर बालिकाको मृत्यु




**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको मरहा खोलामा बालुवागिट्टी झिक्न खनिएको खाल्डोमा डुबेर एक ११ वर्षीया बालिकाको मृत्यु भएको छ । मृत्यु हुने बालिका गौशाला नगरपालिका-१० स्थित जलिल टोलीका दिनेश मण्डलकी छोरी करिनाकुमारी मण्डल रहेकी छन् ।

महोत्तरी प्रहरीले जनाए अनुसार बुधबार अपराह्न साढे ४ बजेको समयमा मरहा खोलाको किनारमा दुई बालिका नुहाउन पुगेका थिए । नुहाउने क्रममा करिनाकुमारी खनिएको खाल्डोमा डुबेर मृत्यु भएको थियो । उनीसँगै रहेकी अर्की बालिकाले घटनाबारे स्थानीयलाई खबर गरेपछि उद्धार गरी उपचारका लागि बर्दिबास लैजाँदै गर्दा बाटोमै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्तासमेत रहेका डीएसपी शैलेन्द्र भट्टले जानकारी दिए ।

सो घटनास्थलमा गिट्टी-बालुवा उत्खननको कारण ठूलो खाल्डो बनेको र सोही खाल्डोमा वर्षा हुँदा पानी जमेको थियो । स्थानीय क्रसर उद्योगीहरूले खोलाबाट अनियमित र अवैध रूपमा गिट्टी बालुवा झिक्ने कार्य गर्दै आएको बताइएको छ ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | खर्च भएपनि काममा विभिन्न अवसरले पछ्याउने छन् । |
| वृष : | सामाजिक काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । |
| मिथुन : | श्रमको उचित मूल्य पाइनुका साथै आम्दानी पनि बढ्नेछ । |
| कर्कट : | मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन समेत कसिन सक्छ । |
| सिंह : | कामको राम्रै मूल्यांकन हुनाले तपाईको प्रतिभाको धेरैले तारिफ गर्नेछन् । |
| कन्या : | मेहनतले विभिन्न अवसर जुटाउन सकिनेछ । |
| तुला : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| वृश्चिक : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ । |
| धनु : | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । परोपकारी कामामा रुची बढ्नेछ । |
| मकर : | बौद्धिक जमातलाई आकर्षित गर्ने काम सम्पादन गर्न सकिनेछ । |
| कुम्भ: | पारिवारिक सम्बन्धमा सुधार आउनेछ । शिक्षा र बौद्धिक क्षेत्रमा उन्नति हुनेछ । |
| मीन : | बोलीको प्रभावले धेरैलाई आकर्षित गर्नुका साथै सजिलै काम बन्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्श लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# गण्डक नहरका संरचना जीर्ण



वीरगञ्ज । पचास वर्षअघि सञ्चालनमा आएको गण्डक नहरको संरचना जीर्ण बनेका छन् । नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ तारिखमा गण्डक सिँचाइ तथा जलविद्युत् योजना सम्झौता भएको थियो । सो सम्झौताअनुसार दुवै मुलुकमा सिँचाइ गर्ने उद्देश्यसहित भारत सरकारद्वारा नारायणी नदीमा ब्यारेज निर्माण गरी नारायणी सिँचाइ प्रणालीको विकास गरिएको थियो ।

सो सिँचाइ योजनाअन्तर्गत पर्सा, बारा र रौतहट जिल्लाको दक्षिणी भेगको ३७ हजार ४०० हेक्टर क्षेत्रफलमा सिँचाइको लागि भारतीय पक्षले नेपालका लागि ८५० क्युसेक क्षमताको पानी आउने गण्डक नहर निर्माण गरेर सन् १९७५ र १९७६ सालमा नेपाललाई हस्तान्तरण गरेको थियो ।नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका इञ्जिनियर ललन बैठाले नहर प्रणालीमा निर्माण भएका संरचना जीर्ण भएका बताउनुभयो ।

"अहिले नहर प्रणालीहरुमा सिल्टेसन (नहरमा माटो र बालुवा थुप्रिने) समस्या कायमै छ", यहाँले भन्नुभयो, "नहरका संरचना कमजोर भएका छन् । अर्कोतर्फ नहरसँगै जोडिएका पुलको अवस्था पनि जीर्ण भइरहेको छ ।" कार्यालयका इञ्जिनियर बैंठाले नहर प्रणालीमा निर्माण भएका संरचनाको मर्मतसम्भारको लागि यथोचित बजेट व्यवस्थापनको जरुरत रहेको पनि बताउनुभयो ।

गण्डक नहर भारतीय भूमि हुँदै नेपाल-भारतको सीमा क्षेत्र जानकीटोला हुँदै पर्सामा पानी भित्रिने गर्छ ।

यो नहर नेपालतर्फ ८१ किलोमिटर लम्बाइ रहेको छ । यो नहरको नौ वटा डिष्ट्रिब्युटरी र ८७ वटा संरचनाअन्तर्गत पर्सा, बारा र रौतहत जिल्लामा सिँचाइ गर्ने गरिन्छ ।

इञ्जिनियर बैठाले सम्झौताअनुसार तीन जिल्लाको ३७ हजार ४०० हेक्टर क्षेत्रमा सिँचाइ हुनुपर्ने भए तापनि हालसम्म भने २८ हजार ७०० हेक्टर क्षेत्रफलमा मात्रै सिञ्चित हुँदै आएको जानकारी दिनुभयो ।सम्झौताअनुसार नेपालले ८५० क्युसेक पानी प्राप्त गर्नुपर्ने हो । तर, सोहीबमोजिम प्राप्त हुन नसकिरहेको नेपाली पक्षले जनाएको छ । नारायणी सिँचाइ व्यस्थापन कार्यालय मातहत २९ वठा ट्यूबेलमध्ये दुई वटा मात्र सञ्चालनमा रहेका छन् ।

मातहत रहेका चार वटा ट्युबेल पूर्ण रुपमा निष्क्रिय छन् भने २३ वटा ट्यूबेल सञ्चालनमा ल्याउन सकिने भएकाले बजेटको आवश्यकता रहेको कार्यालयले जनाएको छ । कार्यालयले चालु आर्थिक वर्षमा मर्मतसम्भार आयोजनाका लागि रु पाँच करोड ९८ लाख बजेट विनियोजन भएकोमा हालसम्म भने ९५ प्रतिशत भौतिक प्रगति भएको जनाएको छ ।

बृहत् सरकारी सिँचाइको पुनःस्थापना तथा व्यवस्थापन हस्तान्तरणको लागि रु ११ करोड १० लाख बजेट विनियोजन भएकोमा हालसम्म ९० प्रतिशत भौतिक प्रगति र ६५ प्रतिशत वित्तीय प्रगति भएको कार्यालयले जनाएको छ । गण्डक नहरमा भारतीय पक्षले वर्षायाममा असार १५ र हिउँदमा पुस १० गतेदेखि पानी प्रवाह गर्नुपर्ने सम्झौता छ ।रासस

# मापदण्ड पालना गर्न जिल्ला प्रशासन बाराद्वारा जगदम्बा स्टिलसलाई निर्देशन

वीरगञ्ज । जिल्ला प्रशासन कार्यालय बाराले आगजनीको घटनालाई आगामी दिनमा नदोऱ्याउनको लागि आवश्यक सुरक्षा सतर्कता अपनाउनको लागि जगदम्बा स्टिल्स कारखानाका प्रतिनिधिलाई निर्देशन दिएको छ । गएराति सो कारखानाको कच्चा पदार्थ पगाल्ने ३० टनको भट्टीमा भएको आमस्मिक आगलागी भएको थियो ।

बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले जगदम्बा स्टिल्स वरपर मानव वस्ती र सोही उद्योगमा कार्यरत मजदूरको सुरक्षाको लागि पनि आवश्यक सुरक्षाका मापदण्ड कडाईपूर्वक पालना गर्नका लागि उद्योगलाई निर्देशन दिएको राससलाई बताउनुभयो ।"सो दुर्घटना भएको थाहा पाउने बित्तिकै स्थलगत अनुगमन गरेका थियौं," उहाँले भन्नुभयो, "उद्योग वरपर मानव वस्ती र उद्योगमा कार्यरत मजदुरको पनि सुरक्षाको विषयमा गम्भिर चासो राखेका छौं । अगामीका दिनमा पनि यस्ता खालका दुर्घटना नहोस भन्नका लागि सुरक्षा मापदण्ड पालना गर्नका लागि अनुरोध गर्दछु ।"

प्रजिअ अधिकारीले दुर्घटना भएको उद्योगले मात्रै नभएर अन्य उद्योग कलकारखानाले पनि सुरक्षाका मापदण्ड कडाइपूर्वक पालना गर्नुपर्ने बताउनुभयो ।जगदम्बा स्टिल्स लिमिटेडले विहीबार प्रेस विज्ञप्ती जारी गरेर बुधबार राति ९:१५ बजेका समयमा जीतपुर-सिमरा उपमहानगरपालिका-२ स्थित उद्योगको हाताभित्र रहेको सिसिएम प्लान्टमा कच्चा पदार्थलाई पगाल्ने क्रममा ३० टनको भट्टी चलिरहेको अवस्थामा अकस्मात आगजनी भएर पड्किन गएको जनाएको छ । कम्पनीका अनुसार सो घटनामा परेर भारत विहार राज्य समस्तिपुर स्थायी घर भई कारखानामा कार्यरत अजय बैठा घाइते भएको थिए ।

घाइते बैठाको एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको छ । कम्पनीले एक जना घाइते हुनुबाहेक अन्य कुनै पनि मानवीय क्षति नभएको दावी गरेको छ । "उद्योगमा भने ठूलो मात्रामा भौतिक क्षति भएको छ," कम्पनीद्वारा जारी प्रेस विज्ञप्तीमा भनिएको छ, "उक्त घटना के कसरी हुन गयो भन्ने बारेमा सम्बन्धित पक्ष र यस प्रतिष्ठानबाट अनुसन्धान भइरहेको अवगत गराउन चाहान्छौं ।"

कम्पनीले विभिन्न खालका सामाजिक सञ्जालमा विभिन्न खालका अफ्वाह फैलाइएकोमा भने गम्भिर ध्यानाकर्षण भएको जनाएको छ । प्रजिअ अधिकारीले सो घटनाको विषयमा इलाका प्रहरी कार्यालय सिमराले आवश्यक अनुसन्धानसमेत गरिरहेको जानकारी दिनुभयो । "इलाका प्रहरी कार्यालयले सो घटनाको सम्बन्धमा आवश्यक छानविन गरिरहेको छ," उहाँले भन्नुभयो, "सो को प्रतिवेदनसँगै आवश्यक कदम चाल्नेछौं ।"रासस




# मटिहानी नगरभित्रका सडक कालोपत्र गरिँदै

महोत्तरी । मटिहानी नगरपालिका-४ र ५ का मझौरा, बिसनपुर र गोबरौरा बस्तीका सडकमा तीवै गतिमा कालोपत्र भइरहेको छ । विकासको अवसरबाट पर रहेका यहाँका सर्वसाधारण बस्तीमा धमाधम सडक कालोपत्र हुन थालेपछि खुसी भएका छन् ।

"देखियौं, हमरो गाममें सडक पिच बैनरहल अई" (हाम्रो बस्तीको सडक पनि कालोपत्र हुँदैछ) धमाधम कालोपत्रे भइरहेको सडकतिर देखाउँदै मटिहानी-४ का चन्देश्वर रजकले भन्नुभयो, "आब गामक रुख बदैलगेल" (अब बस्तीको रूप बदलियो) । सडक कालोपत्र हुन थालेपछि यी बस्तीका बासिन्दा खुसी देखिन थालेका छन् ।




बिसनपुरका इशाक कवारीले भन्नुभयो, "इन्तजार कर परैछै, सबके दिन अबैछै" (पर्खन पर्दो रहेछ, सबका दिन आउँदा रहेछन्) । कालोपत्र हुन थालेपछि बस्तीको सौन्दर्य बढेसँगै आफूहरूको जीवन सहज हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । गोबरौराका शिव साहले सडक कालोपत्र भएसँगै कृषि उपज बजारसम्म पुऱ्याउन सहज हुनुका साथै व्यापार बढ्ने बताउनुभयो ।

सङ्घीय सरकार मातहतको सहरी विकास तथा भवन निर्माण विभागको सघन सहरी विकास कार्यक्रमअन्तर्गत मटिहानी-४ को मझौरा प्रवेशद्वारबाट बिसनपुर हुँदै मटिहानी-५ को गोबरौरासम्मको चार किलोमिटर सडकमा कालोपत्र गर्न थालिएपछि बस्तीका बासिन्दा खुसी छन् ।कृषि उत्पादन सजिलै बजार पुग्ने र आपत्विपद्मा शीघ्र गन्तव्यमा पुगिने नगरप्रमुख हरिप्रसाद मण्डलले बताउनुभयो । कालोपत्र सम्पन्न भएपछि करिब १५ हजार जनसङ्ख्या लाभान्वित हुने उहाँले जानकारी दिनुभयो ।

सहरी विकास तथा भवन निर्माण विभागले करअतिरिक्त नगरपालिकालाई उपलब्ध गराएको रु २७ करोड ९९ लाख ७४ हजार ५७७ मध्ये मझौरा-बिसनपुर-गोबरौरा सडक कालोपत्रमा रु चार करोड खर्च हुने नगर कार्यपालिकाका प्राविधिक शाखाका प्रमुख इञ्जिनियर विमलेश साहले बताउनुभयो । सडक विस्तार तथा कालोपत्र अन्य वडाबस्तीमा पनि गर्दै जाने उहाँको भनाइ छ ।

वर्षौंदेखि धुलो, हिलो र अव्यवस्थित सडकले यातायात, व्यापार, स्वास्थ्य सेवा र शिक्षाको पहुँचमा सास्ती खेपिरहेका मझौरा, बिसनपुर र गोबरौराका बासिन्दाका लागि सडक कालोपत्र सम्पन्न भएपछि दैनिकी सहज हुने मटिहानी-४ का वडाध्यक्ष अब्दुर गफार राइनले बताउनुभयो ।

कालोपत्रको नियमित अनुगमन गरिरहनुभएका नगरप्रमुख मण्डलले केही दिनभित्र काम सम्पन्न हुने जानकारी दिनुभयो । नगरका बस्तीबस्तीसम्म सडक सञ्जाल विस्तार र स्तरोन्नति गर्ने लक्ष्यका साथ नगरले काम गरिरहेको उहाँको भनाइ छ । नगरमा बढेको पूर्वाधार निर्माणले आफ्नो ठाउँ शीघ्र 'स्मार्ट सिटी' का रूपमा विकास हुने स्थानीयले अपेक्षा गरेका छन् ।रासस

# गृहमन्त्री लेखकसमक्ष बैतडीको शान्तिसुरक्षा र विपद् व्यवस्थापनबारे 'ब्रिफिङ'

बैतडी । गृहमन्त्री रमेश लेखकले बैतडीको शान्तिसुरक्षा र विपद् व्यवस्थापनबारे जानकारी लिनुभएको छ । बिहीबार जिल्ला प्रशासन कार्यालय पुगेर शान्तिसुरक्षा र विपद् व्यवस्थापनबारे जानकारी लिएसँगै गृहमन्त्री लेखकले जिल्लास्थित सम्बद्ध अधिकारीहरूलाई आवश्यक निर्देशनसमेत दिनुभयो ।

गृहमन्त्री लेखकलाई जिल्लाको समग्र शान्तिसुरक्षा र विपद् व्यवस्थापनका बारेमा जानकारी गराइएको बैतडीका प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "गृहमन्त्रीलाई जिल्लाको समग्र शान्तिसुरक्षा र विपद् व्यवस्थापनका बारेमा 'ब्रिफिङ' गरेका छौं । उहाँले विपद् पूर्वतयारी तथा व्यवस्थापनमा कुनै कसर बाँकी नराख्न निर्देशन दिनुभएको छ, सोहीअनुसार तदारुकताका साथ काम हुन्छ ।"

गृहमन्त्री लेखक तीनदिने भ्रमणका लागि बुधबार बैतडी आउनुभएको हो । जन्मघर बैतडी रहेको गृहमन्त्री लेखकको यहाँ रहँदा पारिवारिक एवं राजनीतिक भेटघाटका साथै प्रसिद्ध त्रिपुरा सुन्दरी मन्दिरमा पूजापाठ गर्ने कार्यक्रम रहेको उहाँको सचिवालयले जनाएको छ ।रासस

# असनको ऐतिहासिक 'इटाचापा' पुनःनिर्माण सम्पन्न

काठमाण्डु । काठमाडौं महानगरपालिका-२७ असनस्थित ऐतिहासिक र सांस्कृतिक महत्वको 'इटाचापा' पुनःनिर्माण सम्पन्न भएको छ । विसं २०७२ वैशाख १२ गतेको भूकम्पले क्षतिग्रस्त सो इटाचापा एक वर्षमै पुनःनिर्माण सम्पन्न गरिएको हो ।

भूकम्पको नौ वर्षपछि गत वर्ष असारमा पुनःनिर्माण सुरु गरिएको थियो । गुठी संस्थानअन्तर्गतको सो इटाचापा भूकम्पले क्षति गरेपछि कसले बनाउने भन्नेमा अन्योल थियो ।

महानगरअन्तर्गतको सम्पदा भएकाले वडाको पहलमा पुनःनिर्माण सुरु गरी तोकिएको समयभन्दा दुई वर्ष अगावै सम्पन्न भएको वडा अध्यक्ष योगेशकुमार खड्गीले राससलाई जानकारी दिनुभयो । ऐतिहासिक महत्वको यो भवन करबाहेक रु दुई करोड ४९ लाख ३७ हजार ५७२ पैसा २५ मा पुनःनिर्माण गरिएको हो । तीन वर्षमा भवन पुनःनिर्माण सम्पन्न गर्ने गरी ठेक्का लगाइएको थियो ।

यो भवनमा प्रत्येक वर्ष दसैंको टीकाको भोलिपल्ट कुमारीलाई खाना खुवाउने परम्परा छ । यसलाई नेवारी भाषामा 'मरजा' भनिन्छ । टीकाको भोलिपल्ट यहाँ अन्नपूर्ण देवीको जात्रा चलाइन्छ । विसं २०४० सम्म ल्हासाबाट सामान ल्याउने व्यापारी १० दिनसम्म यहाँ 'क्वारेन्टाइन' बस्ने गरेका थिए । लामो समय ल्हासा पुगेर सामान ल्याएपछि केही रोग लाग्नसक्ने सम्भावनालाई रोक्न १० दिनसम्म व्यापारी यहाँ 'क्वारेन्टाइन' बस्ने परम्परा देखेको वडाध्यक्ष खड्गीले बताउनुभयो ।

भवन भत्काउनुअघि माथिल्लो तलामा सांस्कृतिक गतिविधिसहित असन सेवा समिति र अन्नपूर्ण गुठीको कार्यालय थियो । भुइँ तलामा पसल सञ्चालन हुने गरेको थियो ।रासस

# आगामी वर्ष २० प्रकारका औषधि उत्पादन गर्ने नेपाल औषधि लिमिटेडको लक्ष्य

काठमाण्डु । प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सदस्यहरूले विहिबार नेपाल औषधि लिमिटेडको स्थलगत अनुगमन गरेका गर्नुभएको छ । समितिले अनुगमन गर्दै संस्थाले उठाएका समस्यालाई नीतिगत छलफलमार्फत समाधान गर्ने प्रतिबद्धता जनाएको छ ।

नेपाल औषधि लिमिटेडका महाप्रबन्धक कैलाशकुमार पनेरुका अनुसार कम्पनीले चालु आर्थिक वर्षमा हालसम्म रु पाँच करोड बराबरको औषधि बिक्री गरिसकेको छ, जबकी अघिल्लो वर्ष कूल बिक्री रु चार करोड ७८ लाख नौ हजार २६३ रहेको थियो ।उहाँले कम्पनीको वार्षिक औषधि उत्पादन तथा बिक्रीमा १० प्रतिशत वृद्धि गर्ने लक्ष्य रहेको जनाउँदै भन्नुभयो, "यदि यो संस्थानलाई राम्ररी चलाउनुछ भने मन्त्रालयमार्फत होइन, नीतिगत स्पष्टता र लगानी आवश्यक छ । अहिले बजेट शून्य छ र सरकारी भवन भाडामा दिएर तलब धानिरहेका छौं । सरकारले आफैं उत्पादन गरेको औषधि पनि नकिन्ने हो भने हामी कसरी बाँच्ने ?"

महाप्रबन्धक पनेरुले तीनै तहका सरकारी निकायबाट औषधि खरिद गर्दा नेपाल औषधि लिमिटेडको उत्पादनलाई अनिवार्य प्राथमिकता दिने नीतिगत व्यवस्था आवश्यक रहेकामा जोड दिनुभयो ।अनुगमनपछि समितिका सभापति अब्दुल खाँनले संस्थाको समस्या गम्भीर रहेको उल्लेख गर्दै संसद्को सम्बन्धित समितिमा छलफल गरेर समाधानको पहल गरिने जानकारी दिनुभयो ।"लिमिटेड सरकारी स्वामित्वमा रहेको संस्था हो", उहाँले भन्नुभयो, "सरकारी निकायले आफैँले उत्पादन गरेको औषधि खरिद नगर्नु दुःखद् हो । संस्थाले पनि क्षमता विस्तार गर्नुपर्छ, हामी आवश्यक छलफलमार्फत निकास खोज्छौं ।"

हाल औषधि लिमिटेडले सिटामोल, जीवनजललगायत ११ प्रकारका औषधिहरू उत्पादन गर्दै आएको छ भने आगामी वर्षमा यो सङ्ख्या २० पुऱ्याउने लक्ष्य राखिएको छ ।संस्थाका अध्यक्ष यज्ञप्रसाद न्यौपानेका अनुसार हाल उत्पादनका हिसाबले संस्था सकारात्मक दिशामा अघि बढिरहेको छ । उहाँले उत्पादन राम्रो भएकै कारण विश्वस्वास्थ्य सङ्गठनबाट पनि मान्यता पाएको र छिट्टै २० प्रकारका औषधिहरू उत्पादनमा पुऱ्याइने जानकारी दिनुभयो ।रासस




# चोभार गल्छीका ऐतिहासिक चट्टानहरू नहटाइने




काठमाण्डु । सहरी विकास मन्त्रालयले काठमाडौंको चोभार गल्छीका चट्टान नफोडिने स्पष्ट पारेको छ । मन्त्रालयले विहिबार एक विज्ञप्ति जारी गर्दै निकास विन्दुका रुपमा रहेको गल्छीका चट्टान नफोडिने उल्लेख गर्दै त्यहाँ रहेको फोहोर भने हटाउने बताएको हो ।

अविरल वर्षाका बेला चोभार गल्छी आसपास डुबानको समस्या दोहोरिँदै आएपछि फोहोर व्यवस्थापन गरिने लागेको मन्त्रालयको भनाइ छ । मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले ऐतिहासिक चट्टानहरू हटाउने कुनै योजना नभएको उल्लेख गर्दै अनावश्यक रुपमा भ्रम फैलाउने काम भएको बताउनुभयो ।

"गल्छी वरपरको क्षेत्रमा विगतमा बगाएर ल्याएको फोहोर हटाउने, पहिरो जान सक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी रोकथाम गर्ने र दीर्घकालीन समाधानका लागि आवश्यक प्राविधिक अध्ययनसहित कार्ययोजना तयार गर्ने हाम्रो मुख्य उद्देश्य हो," उहाँले भन्नुभयो, "मन्त्रालयले चोभार गल्छी चौडा पार्ने वा प्राकृतिक रूपमा रहेका ऐतिहासिक चट्टानहरू हटाउने कुनै योजना नरहेको स्पष्ट पार्दै यस्ता कार्यको भ्रम फैलाउनु अनुचित हो ।"

मैनालीका अनुसार चोभार गल्छी उपत्यकाको प्रमुख जलनिकास बिन्दु हो जहाँ सहरभरिका खोलानाला भएर बगेका पानीहरू भेला हुने र वर्षाको समयमा पानीको निकास अवरुद्ध हुँदा सहरका विभिन्न क्षेत्रहरू डुबानमा पर्ने जोखिम बढ्दो छ ।उहाँले यस क्षेत्रको दीर्घकालीन व्यवस्थापनका लागि सहरी विकास मन्त्रालयले आफ्नो उद्देश्य स्पष्ट पार्दै धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व बोकेको चोभार गल्छीको मौलिक स्वरूपलाई जोगाउँदै डुबान न्यूनीकरण गर्न फोहोरको व्यवस्थापन गरिने बताउनुभयो । "प्राकृतिक सम्पदाहरूको संरक्षण गर्दै मानव सुरक्षामा जोड दिने नीति अनुसार चोभार क्षेत्रमा काम अघि बढाइनेछ", विज्ञप्तिमा उल्लेख छ ।

यही असार १४ गते बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी समितिको ३२औं बैठकबाटे चोभार गल्छीमा सम्भावित डुबान न्यूनीकरण गर्न नेपाली सेनासँग समन्वयमा आवश्यक कदम चाल्न निर्देशन दिइएपछि सामाजिक सञ्जाल र विभिन्न राजनीतिक वृत्तहरूमा यस विषयलाई लिएर विभिन्न धारणा सार्वजनिक भएको भन्दै मन्त्रालयले असन्तुष्टि जनाएको छ । विपद् न्यूनीकरणसँग सम्बन्धित निर्णयहरूमा जनचासो बढ्दो रहेको बेला मन्त्रालयको यो स्पष्टिकरणले विवादको निराकरण गर्ने अपेक्षा गरिएको छ ।रासस


## सूचि दर्ता गर्ने वारेको सूचना

**सूचना प्रकाशित मिति : २०८१।०३।१९ गते**

जानकी महिला जागरण समाज (JWAS) का लागि आगामी आर्थिक वर्ष २०८२।०८३ मा यस कार्यालयलाई आवश्यक पर्ने तपशिलका विभिन्न वस्तु तथा सेवाहरु पटक पटक खरिद गर्नु पर्ने भएकाले सो वस्तु तथा सेवाहरु उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त गरेका संस्था, व्यक्ति, फर्म वा कम्पनीहरुले निवेदनका साथ आफ्नो फर्म दर्ता तथा कर चुक्ता गरेको प्रमाण पत्रका प्रतिलिपिहरु सम्बन्धित फर्मको आधिकारिक व्यक्तिवाट प्रमाणित गराई यो सूचना प्रकाशित भएको मितिले १० (दस) दिन भित्र यस संस्थाको आर्थिक प्रशासन नियमावली २०६२ को परिधिमा रहने गरी मौजुदा सूची (Standing List) मा दर्ता हुन पाऊँ भनि यस कार्यालयको लेखा तथा प्रशासन शाखामा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । आवेदकहरुलाई मौजुदा सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।

**तपशिल** :

- स्टेशनरी तथा कार्यालय संचालन सम्बन्धी विभिन्न सर सामानहरु
- प्रिन्टिङ्ग, बाइन्डिङ्ग तथा छपाई तथा विज्ञापन प्रकाशन सम्बन्धी विभिन्न कार्यहरु
- कार्यालयलाई आवश्यक फर्निचर, फर्निसिङ सप्लाई तथा मर्मत सम्बन्धी कार्यहरु
- कम्प्युटर, विद्युतिय सरसामान उपकरण सप्लाई तथा मर्मत सम्बन्धी कार्यहरु
- साना तथा मझौला सवारी साधन भाडामा लिने
- जारको पिउने पानी आपूर्ति सेवा
- साइकल, मोटर साइकल र जिप मर्मत र सो सम्बन्धी पाटपुर्जाहरु
- कार्यालय भवनको सानोतिनो मर्मत र रङ्गरोगन सम्बन्धी कार्यहरु
- चिठीपत्र ढुवानी सम्बन्धी कुरियर सेवा
- कार्यशाला, अभिमुखिकरण, तालिम संचालन सहजिकरण, सर्वेक्षण तथा अनुगमनका लागि परामर्श सेवा
- अन्य फुटकर तथा मसलन्द सरसामानहरु
- राहत तथा उद्धार सामग्री सप्लाई कार्य
- कम्प्युटर सफटवेयर तथा प्रोग्रामहरु
- साईकल र सिलाई मेसिन सेट
- टि-सर्ट, ब्याग, छाता, क्याप, विन्डचिटर आपूर्ति सम्बन्धी कार्यहरु
- पशुपालन तथा पशुपालन गरी विक्री गर्ने कृषी फर्महरु सम्बन्धि कार्य
- किराना सामग्रीहरु
- तालिम गोष्ठि सञ्चालनका लागि हल भाडा, क्याटरिङ्ग, आवासको लागि होटल आदि सम्बन्धि सेवाहरु
- विविधि सामाग्रीहरु आपुर्ति गर्ने जनरल अडर सप्लायर्स सम्बन्धि सेवा
- रु.१०,००,००० (दस लाख) सम्मको निर्माण तथा मर्मत सँहार कार्य

इच्छुक आवेदक फर्म, कम्पनी वा व्यक्तिले माथि उल्लेखित कागजातहरु संलग्न गरी निर्धारीत मिति भित्र यस संस्थाको कार्यालयमा आवेदन पेश गर्नु पर्ने छ ।

**सम्पर्कका लागि ठेगाना :**

जानकी महिला जागरण समाज (JWAS), जनकपुरधाम ४, कटैयाचौरी जानेबाटो, धनुषा

इमेलः jwas@ntc.net.np, jwasnepalngo@gmail.com फोन नं ०४१–५९१९५०



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# विद्यालयमा राजनीति गतिविधि नगर

नेपालमा विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिएको छ । विद्यालय पठनपाठन गर्ने र गराउने पवित्र थलो भएकाले त्यहाँ कुनै प्रकारको राजनीतिक गतिविधि कुनै पनि राजनीतिक दलले गर्न हुँदैन । राजनीतिक दलले मात्र नभइ शिक्षा सम्वद्ध बाहेकका गतिविधिहरु पनि विद्यालयमा गर्ने र गराउने हुँदैन । विद्यालयमा राजनीतिक गतिविधि हुँदा अनेक प्रकारका विवाद उत्पन्न हुन सक्छ । विद्यालय विदा भएको बखत कुनै दलले राजनीतिक गतिविधि गरे अर्को दलले विद्यालय खुलेकै समयमा पनि गर्न चाहने छन् । त्यसो गर्न नदिँदा त्यहाँ विवाद उत्पन्न हुने सम्भावना बलियो हुन्छ । त्यसकारण राजनीतिक दल अथवा राजनीतिक दल सम्वद्ध अन्य संघसंगठनहरुले विद्यालयलाई राजनीतिक कार्यक्रमका लागि प्रयोग गर्न दिनु हुँदैन । राजनीतिक गतिविधिले विद्यालयको पठनपाठनमा व्यवधान उत्पन्न हुन सक्छ । नेकपा एमालेको क्षेत्र नम्बर २ को क्षेत्रीय कमिटीले धनुषा जिल्लाको तिनकौरिया चोकमा अवस्थित नमुना विद्यालयमा क्षेत्रीय कार्यकर्ता बैठक गरेको छ । विद्यालय विदा भएको समयमा कार्यक्रम गरिएको देखिन्छ । त्यस कार्यक्रमको प्रमुख अतिथि महिला, बालबालिका तथा समाजकल्याण पूर्वमन्त्री जुली महासेठ विद्यालयको विषयमा स्वयं अवगत भएको नेतृ हुन् । कार्यक्रममा प्रदेश सभासद, एमाले धनुषाका अध्यक्ष, सचिव, मेयर लगायतका जिम्मेवार नेताहरुको सहभागितामा भएको सो कार्यक्रम विद्यालयमा हुनु उपयुक्त होइन । अन्य सार्वजनिक अथवा निजी स्थलमा राजनीतिक कार्यक्रम गर्न कुनै रोक छैन । तर विद्यालय भवन अथवा स्थललाई प्रयोग गर्दा त्यसले आगामी दिनमा विवाद सृजना गर्न सक्छ । एउटा दलले गर्ने कार्यक्रम स्थलमा अर्को दलले पनि गर्न चाहना राख्दा विवाद सृजना हुन सक्छ । विद्यालय अनावश्यक रुपमा राजनीतिक विवादमा तानिनेछ । त्यसकारण विद्यालयलाई शान्तिक्षेत्र नै कायम राखौँ । शिक्षासित सम्वद्ध नभएका कार्यक्रमहरु विद्यालयमा कुनै दल अथवा त्यस सम्वद्ध संघसंगठनहरुले पनि नगरोस् । विद्यालय सबैको साझा सम्पत्ती हो । विद्यालयलाई विवादरहित बनाउने जिम्मेवारी पनि सबै दलका नेताहरुको हो । विगतमा विद्यालयहरुमा राजनीतिक कार्यक्रमहरु हुने गरे पनि केहि वर्षदेखि विद्यालयमा राजनीतिक कार्यक्रमहरुको आयोजना पूर्णतः नै बन्द गरिएको छ । राजनीतिक गतिविधिहरु गर्न सबै पालिकाहरुमा पर्याप्त स्थलहरु छन् । कुनै पालिकामा स्थल अभाव भए नेताहरुले नै बनाउन सक्छन् । त्यस्तो स्थल बनाइनु पर्छ । एमाले धनुषाले राजनीतिक भेला अथवा बैठकका लागि विद्यालयलाई रोज्नु उपयुक्त भएन । नेकपा एमाले सत्तासीन दल भएकाले पनि उसको जिम्मेवारी बढी हुन्छ । शिक्षण संस्थालाई सबै प्रकारले स्वच्छ र विवादरहित बनाउन सबैले मिलेर लाग्नु पर्छ । विद्यालय राजनीति गर्ने स्थल होइन । नमुना विद्यालयमै राजनीतिक कार्यक्रम हुन थाल्दा त्यसले ठूलो बदनामी हुनेछ ।

# यदुकुहामा उनको घर प्रहरीले घेरे, प्रहरीलाई गाउँलेले



तुलानारायण साह

धनुषामा एउटा गाउँ छ – सहिदनगर । यो गाउँको यो नाउँ नयाँ हो। यसको पुरानो नाम यदुकुहा थियो।यदुकुहामा २०४६ सालको आन्दोलन क्रममा फागुन ९ गते एकै दिन एकै ठाउँमा पाँच जनाले शहादत प्राप्त गरेका थिए। आन्दोलन सफल भएपछि कांग्रेस नेता गणेशमान सिंह त्यहाँ पुगे र सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गरे। अनि यदुकुहा गाउँको नाम अब सहिदनगर भयो भने। त्यसयता यदुकुहा सहिदनगर बन्यो।यो गाउँ जनकपुरदेखि करिब बीस किलोमिटर पूर्व र थोरै उत्तर दिशामा अवस्थित छ। यो क्रान्तिभूमि पुग्ने अनेक बाटा छन्।

जनकपुरको पुल्चोकदेखि सिधै पक्की सडक छ। पूर्व-पश्चिम राजमार्गको बरमझिया (धनुषा) देखि दक्षिणतर्फ करिब १५ किलोमिटर कालोपत्रे सडकले पनि सहिदनगर पुर्‍याउँछ। जनकपुर-जयनगर चल्ने रेल चढेर जाने हो भने महिनाथपुर स्टेसनबाट १२ किलोमिटर उत्तरतर्फको कालोपत्रे सडकबाट पनि सजिलै पुगिन्छ। करिब तीन दशकपहिले सहिदनगर पुग्न सहज थिएन। धूले साँघुरा सडकमा पुलपुलेसा थिएनन्। जोखिममा गाडी चलाउनुपर्थ्यो। बरू बयलगाडाको यात्रा सुरक्षित मानिन्थ्यो। सडक यात्रा यति जोखिमपूर्ण थियो, यदुकुहालाई सहिदनगर भनेर घोषणा गरेर फर्केपछि पत्रकारहरूसँग गणेशमान सिंहले भनेका थिए, 'सहिदभूमि दर्शन गर्न जाँदा झन्डै हामी नै सहिद भयौं!'

२०४६ फागुन ९ गते यदुकुहाको गोठकुवा टोलमा प्रहरीको गोलीबाट तीन जना महिला र दुई पुरूष गरी पाँच जना सहिद भएका थिए। त्यसअघि यदुकुहामा २०२९ असोज १ गते, नयाँ शिक्षा योजनाको विरोधमा नेपाल विद्यार्थी संघ (नेविसंघ) ले गरेको देशव्यापी विद्यार्थी आन्दोलन क्रममा कामेश्वर मण्डल र कुशेश्वर गोइत नामका दुई विद्यार्थी मारिएका थिए।

पञ्चायत फालिएको केही वर्षसम्म पनि नेपाली कांग्रेस र खासगरी उसको भ्रातृ संस्था नेविसंघले असोज १ गतेलाई हरेक वर्ष सहिद दिवसका रूपमा मनाउँथे। पञ्चायत कालमा कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला कयौं पटक यदुकुहा पुगेका थिए। उनीहरू जनकपुरबाट रेल चढेर महिनाथपुरसम्म जान्थे र त्यहाँबाट बयलगाडा चढेर यदुकुहा पुग्थे।

'मेरो घरमा किसुनजी (कृष्णप्रसाद भट्टराई) कम्तीमा चार पटक बास बसेका छन्। जनकपुर आएका बेला यदुकुहा त जान्छु नै भन्थे किसुनजी। गिरिजाबाबु (गिरिजाप्रसाद कोइराला) पनि कयौं पटक आएका छन्,' सहिदनगरका बासिन्दा शिवधारी यादवले भने।

शिवधारी यादवको कथा सुरू गर्नुअघि मैले उनलाई कसरी चिनेँ भन्ने सुनाउँछु।मैले २०४५ सालमा पहिलो पटक यदुकुहा र कामेश्वर-कुशेश्वरको नाम सुनेको थिएँ।सप्तरीको देहातको एक गाउँबाट आइएससी पढ्न जनकपुर आउँदा सुरूमा सहरका हरेक कुरा नौलो लाग्थ्यो – सहरी समाज, हाट बजार, मानिस, घर, यातायात आदि। मनमा अनेक उत्सुकता हुन्थ्यो।

बिस्तारै मेरो संगत थरीथरी साथीहरूसँग हुँदै गयो। राजनीतिक हिसाबले त्यस बेलाको जनकपुरको माहोल कांग्रेसमय थियो। विद्यार्थीमाझ नेविसंघको जगजगी थियो। जता गए पनि, जुन चोक गए पनि, जताततै नेविसंघका साथीसंगाती!त्यस्तै माहोलमा एक दिन नेविसंघका दाइहरूले हामी नयाँ विद्यार्थीलाई वृक्षरोपण कार्यक्रममा सहभागी हुन भने। मलाई त्यो बेला वृक्षरोपण के हो, किन गरिन्छ भन्ने पनि थाहा थिएन। हामी पढ्ने रामस्वरूप रामसागर बहुमुखी (राराब) क्याम्पसको एक कुनामा केही बिरूवा रोपियो। केही बेर मौन धारण गरियो। केही दाइहरूले भाषण गरे। हामीले ताली पिट्यौं। कार्यक्रम सकियो।

मौन धारण गर्नु भनेको नबोली केहीबेर ठिंग उभिनु रहेछ भन्ने कुरा त्यही दिन थाहा पाएँ। त्यसअघि स्कुलमा प्रार्थनाका बेला र सिनेमा हलमा फिल्म सुरू हुनुअगाडि राष्ट्रगान बजेका बेला मात्र त्यसरी उभिएको थिएँ। दुवै उभ्याइ एउटै खालको भए पनि सन्दर्भ फरक रहेछ। यसको भेउ पाउन मलाई निकै कठिन भयो।

नयाँ शिक्षा योजनाको विरोध, विद्यार्थी आन्दोलन, सहिद कामेश्वर-कुशेश्वर, यदुकुहा, वृक्षरोपण, मौन धारण जस्ता शब्द, नाम र कामकुरा मेरो दिमागमा घुमिरहे। यी कुराबीच तारम्य मिलाउन मलाई निकै कठिन भइरहेको थियो। सहिद, आन्दोलन, परिणाम र महत्त्वबारे मलाई केही थाहा थिएन।

अर्को वर्ष, २०४६ असोज १ गते – फेरि वृक्षरोपण, मौन धारण, भाषण र ताली।पढाइको व्यस्ततासँगै राजनीतिप्रतिको चासो बढ्दै थियो।२०४६ साल माघको कुरा– काठमाडौंमा गणेशमान सिंहको घरमा ठूलो बैठक भयो, भारतका नेताहरू आए, चन्द्रशेखर भन्ने नेताले बडो गजबको भाषण गरे, फागुन ७ देखि आन्दोलन हुने जस्ता कुरा हामी विद्यार्थीमाझ समाचार बनेर आए। यी समाचारले अब के हुन्छ, कस्तो हुन्छ भन्ने कौतुहलता हामीमा जगाए। विद्यार्थीहरू चन्द्रशेखरको भाषणको क्यासेट लुकीलुकी सुन्थे।

जनकपुरमा जुलुसहरू निस्के। सबभन्दा पहिला शिवचोकमा युवराज खातीले कांग्रेसको झन्डा फहराएर सडकमा नारा लगाए। उनलाई तत्काल गिरफ्तार गरिएको थियो। त्यो गिरफ्तारीको चर्चा सहरभर फैलियो। अन्य दर्जनौं नेता पनि गिरफ्तार भएको खबर सुन्यौं।

मलाई यी सबै कुरा नौलो र रमिता जस्तो लागिरहेको थियो।दुई दिनपछि, फागुन ९ को साँझ जनकपुरमा एकाएक सन्नाटा छायो।बजार पूरै बन्द थियो। मानिसहरू हिँडिरहेका थिएनन्। हामी ट्युसन पढेर फर्किँदै गर्दा बजारभरि प्रहरी मात्र देखिन्थे।अनि गाइँगुइँ सुनियो– यदुकुहामा शिवधारी यादवलाई पक्रिन प्रहरी गएको थियो, मान्छेहरूले रोक्दा अन्धाधुन्ध गोली प्रहार गर्‍यो रे! मान्छेहरू मरे रे!शिवधारी यादव – यो नाम मैले त्यही दिन पहिलो पटक सुनेँ।

२०४६ को आन्दोलन सफल भयो। केही दिनसम्म नारा जुलुस भइरहे। परीक्षा नजिकिएपछि हामी विद्यार्थीहरू केही महिना 'गुप्तबास' बस्थ्यौं। यसरी बस्दा बाँकी दुनियाँको मतलब हुँदैन थियो। परीक्षापछि कता कता भइयो, २०४८ सालमा म काठमाडौं आएँ। त्यसयता यतै बसेँ।जनकपुर छाडेको धेरै वर्षसम्म मलाई यदुकुहा, त्यहाँका सहिद र शिवधारी यादवबारे खासै चासो भएन।

> आखिर २०४६ सालमा सहिदनगरमा कसरी त्यत्रो ठूलो गोलीकाण्ड भएको थियो? देहातमा बस्ने शिवधारी यादव कसरी त्यति प्रभावशाली नेता भए जसलाई समाउन जनकपुरबाट दर्जनौं प्रहरी गएका थिए? उनका लागि आफ्नो ज्यानको मतलब नगरी गाउँलेहरु किन र कसरी उभिएका थिए? सामान्य परिवारमा जन्मेहुर्केको, सामान्य लेखपढ गर्न मात्र जानेको मानिस कसरी राज्यविरुद्धको लडाइँमा होमियो? विद्रोही बन्यो? उसको विद्रोहबाट वरिपरिको समाजमा के प्रभाव पर्‍यो? शिवधारी यादव एक पात्रको नाम मात्र नभएर कसरी प्रवृत्ति बन्यो?

म आफ्नै दुनियाँमा व्यस्त भएँ।

२०६३ सालमा मधेस आन्दोलन भएपछि मधेसको समाज, राजनीति, द्वन्द्व, विकास लगायत पक्षबारे अध्ययन गर्न नेपाल-मधेस फाउन्डेसन स्थापना गरियो। त्यसपछि मलाई यदुकुहा जस्ता ठाउँ र शिवधारी यादव जस्ता पात्रहरूले फेरि ताने।मधेसमा यदुकुहा जस्ता कयौं ठाउँ छन् जहाँ पञ्चायत, माओवादी युद्ध र त्यसपछिको लोकतान्त्रिक कालमा ठूला ठूला गोली काण्ड भएका छन्। टीकापुर, नेपालगञ्ज, अजिगरा (कपिलवस्तु), बेथरी (रूपन्देही), मर्चवार क्षेत्र, वीरगन्ज, गौर, जनकपुर, लहान, सप्तरीको मलेठ, रूपनी र भारदह, मोरङको रंगेली यस्तै ठाउँ हुन्। यहाँ विभिन्न कालखण्डमा अनेक आन्दोलनका दौरान मधेसी समुदायका धेरै मानिसहरू प्रहरीको अन्धाधुन्ध गोली लागेर मारिएका थिए।

२०७६ को पुस-माघमा म र प्राध्यापक प्रमोद मिश्रले झापादेखि कञ्चनपुरसम्म भ्रमण गरेका थियौं। सो क्रममा हामी यदुकुहा पनि पुगेका थियौं।२०२९ र २०४६ सालमा गरेर सात जना सहिदको गाउँ बनेको यदुकुहा नेपालको प्रजातान्त्रिक आन्दोलनमा सम्भवतः पहिलो महिला सहिदहरूको मातृभूमि पनि हो। माओवादी युद्धकालमा त्यहाँ प्रहरी चौकीमाथि आक्रमण हुँदा ठूलो जनधन क्षति भएको थियो।

सहिदनगर बनिसकेको यदुकुहाको बजार क्षेत्रमै कामेश्वर र कुशेश्वरको समाधिस्थल छ। महिला सहिद पार्क पनि बनाइएको छ। त्यो बेला शिवधारी यादव भने सहिदनगरमा भेटिएनन्। उनी एकाध दिनका लागि जनकपुर गएका रहेछन्। हामीले उनलाई जनकपुरमा भेट्यौं।त्यसयता म ६ पटक सहिदनगर गएँ र दर्जनौं स्थानीय बासिन्दासँग कुराकानी गरेँ। शिवधारी यादवसँग पनि तीन पटक भेटेँ।हरेक पटक सहिदनगर जाँदा, त्यहाँ कसैसँग कुरा गर्दा त्यो ठाउँ र शिवधारी यादवबारे जिज्ञासा बढ्थ्यो। म थाहा पाउन चाहन्थेँ– आखिर २०४६ सालमा सहिदनगरमा कसरी त्यत्रो ठूलो गोलीकाण्ड भएको थियो? देहातमा बस्ने शिवधारी यादव कसरी त्यति प्रभावशाली नेता भए जसलाई समाउन जनकपुरबाट दर्जनौं प्रहरी गएका थिए? उनका लागि आफ्नो ज्यानको मतलब नगरी गाउँलेहरू किन र कसरी उभिएका थिए? सामान्य परिवारमा जन्मेहुर्केको, सामान्य लेखपढ गर्न मात्र जानेको मानिस कसरी राज्यविरूद्धको लडाइँमा होमियो? विद्रोही बन्यो? उसको विद्रोहबाट वरिपरिको समाजमा के प्रभाव पर्‍यो? शिवधारी यादव एक पात्रको नाम मात्र नभएर कसरी प्रवृत्ति बन्यो?

२०७६ पुसमा शिवधारी यादवलाई पहिलो पटक जनकपुरमा भेट्दा २०४६ सालको गोलीकाण्डबारे मात्र कुराकानी भयो। गत वर्ष वैशाखमा दोस्रो पटक उनकै निवास गोठकुवाँमा भेट भयो। त्यस बेला अरू पुराना आन्दोलन र उनको जीवनबारे विस्तृतमा कुराकानी गर्ने अवसर मिल्यो।उनको घर अत्यन्त सामान्य थियो – ओसिएको भुइँ, माटोका भित्ता र खपडाको छानो। लाम्चो कोठाभरि धानचामल राख्ने स-साना भकारी अटाएका। एउटा खाट, प्लास्टिकको कुर्सी र दुई-चार थान मुढा। काठको सानो बेन्चमाथि घरेलु प्रयोगका सामान राखिएको। भुइँ ओसिएकाले खाटका खुट्टामुनि इँटा हालिएको। माटोको भित्तामा साना झ्याल। एउटा सामान्य पंखा।

उमेरले ८२ वर्षमा हिँडिरहेका शिवधारीको बसाइ अभावग्रस्त, कष्टकर नै देखिन्थ्यो।पहिलो पटक हामी तीन जना सिधै घर पुग्दा उनी अलि अचम्म परेको भान भयो। खुलेर कुरा गर्न चाहेनन्। भेट्न आएको उद्देश्यबारे विस्तृतमा बताएपछि केही सहज भए। चार वर्षअगाडि जनकपुरमा भएको भेट सम्झाएपछि हाम्रो कुराकानी सुरू भयो।मैले सोधेँ, '२०४६ सालमा यो ठाउँमा कसरी त्यत्रो ठूलो गोली काण्ड भयो?'

शिवधारीले भने, '२०४६ साल फागुन ७ गतेदेखि नेपाली कांग्रेस र वाम मोर्चाले प्रजातन्त्र पुनः स्थापनाका लागि देशभरि आन्दोलन घोषणा गरेका थिए। सात गते सबै जिल्लाको सदरमुकाममा जुलुस प्रदर्शनको कार्यक्रम थियो। म त्यस दिन जनकपुर जानुपर्ने थियो तर गइनँ। मलाई थाहा थियो, जनकपुर गएँ भने पुलिसले गिरफ्तार गरिहाल्छन्। त्यस कारण म र यहाँका साथीहरूले जनकपुर जानुको सट्टा ९ गते यदुकुहामै विरोध प्रदर्शन गर्ने कार्यक्रम घोषणा गरेका थियौं।'

उनी भूमिगत शैलीमै तयारीमा जुटेका थिए। आफूलाई जुनसुकै बेला पनि गिरफ्तार गर्न सक्छन् भन्ने लागेर सचेत पनि थिए। यदुकुहाको थानामा काम गर्ने एक जनासँग उनको राम्रो सम्बन्ध थियो। उनीबाट गोप्य सूचनाहरू पनि थाहा हुन्थ्यो।९ गते बिहान उनी घरमै थिए। यदुकुहा स्कुलमा कक्षा ९ मा पढ्ने उदयशंकर मण्डल आएर भने, 'थानामा जनकपुरबाट ४०/५० जना प्रहरी आएका छन्, तपाईंलाई गिरफ्तार गर्न आउँदैछन्।'

शिवधारी आफ्नो घरबाट निस्केर अलि पर छेउको घरमा लुके। एकै छिनमा दर्जनौं प्रहरी आइपुगे। उनको घरलाई घेरा हाले।उनका छोरा, खबर लिएर आउने उदयशंकर र उनको घरमा काम गर्न बसेका अर्को एक युवालाई समातेर पाता फर्काएर बाँधिदिए। कुटपिट गरे। खानतलासी गरे।शिवधारीको घर प्रहरीले घेरा हालेको थियो। त्यति बेलासम्म गाउँभरिका मानिसको भीड लाग्यो। त्यो भीडले प्रहरीलाई घेरा हालेजस्तो भयो।'म भेटिएको थिइनँ। तर भीड देखेर प्रहरीहरू आत्तिएका थिए,' शिवधारीले भने।

त्यतिकैमा उनका भतिजाले प्रहरीलाई सोधे, 'तपाईंहरूसँग घरको खानतलासी गर्ने कागज छ? देखाउनुस्। होइन भने तपाईं प्रहरी हो कि, नक्कली पोसाकमा आएको, कसरी बुझ्ने?' भतिजा र प्रहरीबीच विवाद बढ्दै गयो। उता शिवधारी लुकेको घरको ढोकासम्म मानिसको भीड बढ्दै थियो।सयौं मान्छेका बीच प्रहरीको जोर चलेन। अन्त्यमा माफी मागेर शिवधारीको घरको उत्तरतिरको बाटोबाट निस्किए। दुई-चार घर उत्तर लागेपछि टोल सकिन्थ्यो। त्यहीँनिर एउटा पक्की घर थियो।

'त्यही पक्की घरमा आड लागेर मेरो घरतिर भएको मानिसको भीडमाथि प्रहरीले अन्धाधुन्ध गोली प्रहार गरे। दर्जनौं मान्छे घाइते भए। गाईगोरूलाई पनि गोली लागेको थियो,' शिवधारीले त्यो क्षण सम्झिँदै सुनाए।गोली लागेकाहरूलाई स्वास्थ्य चौकी लगियो। त्यो अवस्थामा पनि यदुकुहामा जुलुस निकालिएको थियो। स्वास्थ्य चौकी यदुकुहा प्रहरी थानाको छेउमै भएकाले प्रहरीले एकैछिनमा सबै घाइते कब्जामा लिए र जनकपुर लगे। साँझसम्म पाँच जनाको मृत्यु भएको जानकारी आयो।

मृत्यु हुनेमध्ये दुई जना शिवधारीलाई सूचना दिन आएका विद्यार्थी उदयशंकर मण्डल र उनकी दिदी जानकी देवी यादव थिए। अन्य मृतक मुनेश्वरी देवी यादव, सोनावती देवी यादव र रामनारायण यादव उनका छिमेकी थिए।दुई दिनसम्म प्रहरीको ठूलो जत्था शिवधारीको घरमा घेरा हालेर बसेको थियो।'म तीन-चार रात यदुकुहाकै विभिन्न टोलमा जसोतसो लुकेर बसेँ। पछि सीमापारि बसेका साथीहरूको सम्पर्कमा पुगेँ,' उनले सुनाए।

शिवधारीका कुरा सुन्दै गर्दा उनी कसरी राजनीतिमा आए भन्ने जान्न मन लाग्यो।त्यो बेला तराई-मधेसमा प्रायः धनी, जमिनदार पृष्ठभूमिका मानिस नै प्रतिबन्धित नेपाली कांग्रेसको राजनीतिमा लाग्थे, नेता हुन्थे। शिवधारीको पारिवारिक पृष्ठभूमि त्यस्तो थिएन।उनी एक मुद्दाका कारण राजनीतिमा प्रवेश गरेका रहेछन्।उनको गाउँमा काठमाडौंका योगेन्द्रराज पाण्डे नामका राजगुरूको धेरै जग्गा थियो। २०२२ सालमा सरकारले भूमिसुधार लागू गरेपछि राजगुरूले त्यहाँका जग्गा बेच्ने भए। शिवधारीले पनि किन्न भनेर बैना दिएका थिए। तर पछि उनलाई जग्गा दिइएन। बैना पनि फिर्ता पाएनन्।

त्यसपछि जग्गावालाको अंशियार खोजेर शिवधारीले हकसाफी मुद्दा दायर गरे। अन्ततः २०२४ सालमा उनले जग्गा पाए।'त्यो मुद्दामा मेरो धेरै सम्पत्ति सकियो। मुद्दा लड्ने क्रममा अनेक राजनीति कार्यकर्ताहरूसँग भेटघाट, संगत भयो। त्यहीँबाट मेरो राजनीति यात्रा सुरू भयो,' उनले भने।शिवधारीले २०२४ सालमै कांग्रेसको सदस्यता लिए। खासगरी धबौलीका मुरलीप्रसाद उपाध्याय र दुहबीका देवनारायण झाको संगतका कारण कांग्रेसको सदस्यता ग्रहण गरेको उनले बताए।

मुद्दामामिला सकिएपछि उनी आफ्नो खेतीपातीमै केन्द्रित भए। गाउँमा केही युवाहरूले एउटा युवक संगठन निर्माण गरेका थिए। त्यसमा शिवधारी पनि आवद्ध भए। संगठनले बाटोघाटो, पाटी, पौवा, कुलो, पैनी आदि बनाउने काम गर्थ्यो। एउटा पुस्तकालय पनि बनाएको थियो।

'यिनै कामका कारण हाम्रो संगठन लोकप्रिय भयो। तर पार्टीका नेताहरूले मलाई चिन्थेनन्,' उनले भने।२०२६ सालमा गाउँ पञ्चायतको चुनाव हुने भयो। प्रतिबन्धित भए पनि कांग्रेसको तर्फबाट सीताराम साहु उम्मेदवार थिए भने कम्युनिस्टका तर्फबाट लालचन साहु।त्यहीताका स्थानीय युवाहरूले शिवधारीलाई पनि उक्साए, हौस्याए। उनले प्रधानपञ्चका लागि उम्मेदवारी दिए। पहिलो चरणमा कसैको ५१ प्रतिशत मत आएन। दोस्रो चरणमा कम्युनिस्ट उम्मेदवार लालचन र उनीबीच प्रतिस्पर्धा भयो। शिवधारीले जिते। यसरी २०२६ सालदेखि २०२८ सालसम्म उनी यदुकुहाका प्रधानपञ्च भए।

मैले उनलाई २०२९ सालमा कामेश्वर-कुशेश्वर मारिएको घटनाबारे सोधेँ।उनले भने, '२०२८ सालमा नयाँ शिक्षा योजना लागू भएपछि त्यसको विरोधमा देशभरि विद्यार्थी आन्दोलन भइरहेको सुनेको थिएँ। शेरबहादुर देउवाको नेतृत्वमा त्यो आन्दोलन भइरहेको हामीले सुनेका थियौं।'२०२९ साउन-भदौतिर गाउँमा शिवधारीहरूको युवक संगठनले यदुकुहा स्कुलका विद्यार्थीहरूसँग मिलेर आन्दोलन गर्ने योजना बनायो। पहिलो दिन जुलुसबाट प्रहरीले महेन्द्र नायक नामका विद्यार्थीलाई पक्रेको थियो। महेन्द्रलाई भोलिपल्ट रेलबाट जनकपुर पठाउन लागेको खबर आयो। विद्यार्थीहरूले महिनाथपुर स्टेसन नजिक पटरीमा सुतेर रेल रोक्न लगाए र महेन्द्रलाई छुटाए।

त्यो घटनाबाट स्थानीय माहौल निकै तातेको थियो। विद्यार्थीहरू उत्साहित थिए, पुलिस प्रशासन आक्रोशित थियो।केही समयपछि असोज १ गते, हाटको दिन पारेर फेरि जुलुस निस्कियो।'विद्यालय, प्रहरी थाना र बजार लाग्ने ठाउँ टाँसिएका थिए। साथीहरूले भने अनुसार त्यस दिनको जुलुस निकै उग्र थियो। प्रहरीले अन्धाधुन्ध गोली चलाएका थिए,' शिवधारीले भने, 'बजारमा धेरै मान्छे घाइते भए। दुई जना विद्यार्थी कामेश्वर मण्डल र कुशेश्वर गोइत मारिए।'त्यो दिन शिवधारी भने यदुकुहामा थिएनन्। उनी भारतको कोलकाता गएका थिए।सेतोपाटी

# जब छोराका तीखा शब्दवाण बुबाको मुटुमा गाडिन्छन्!



गोकर्णप्रसाद उपाध्याय

सन् साठी-सत्तरीको दशकतिरको लोभलाग्दो नेपाल। पश्चिमा युवाहरू मर्सिडिज बेन्जमा बत्तिँदै, डबल डेकर बसमा मच्चिँदै नेपाल आउन थाले।हजारौं माइल यात्रा गरेर नेपाल आउनुको उद्देश्य दाम्मी पहाडी गाँजा, चरेस खाने। प्रकृतिमा बिन्दास रमाउने। यताको संस्कृति सिक्ने। उताको सिकाउने। 'दम मारो दम' भन्दै दिनहरू बिताउने। मानौं नेपाल तिनको नयाँ पिकनिक 'स्पट' थियो।

त्यसरी नेपाल आउने विदेशीहरूलाई 'हिप्पी' र नेपाललाई 'हिप्पी प्याराडाइज' नाम दिन थालियो। अहिले पनि 'रेन्बो फेमिली' वा 'रेन्बो ग्यादरिङ युनिटी' आदि नामले चर्चित एकथरी युवायुवतीको जमात असोज-कात्तिक वा नयाँ वर्षको मौका पारेर नेपाल आएको देखिन्छ।'नयाँ हिप्पी' मानिने उनीहरू कहिले अछामको रामारोशनतिर रमाउँछन्। कहिले कैलालीको सिमली जंगलमा घुम्छन्। कहिले संखुवासभा र तेह्रथुमको तीनजुरे-मिल्के-जलजलेतिर उक्लिन्छन्।पुरानै कुरामा फर्किऔं।

त्यति बेला पश्चिमा देशका युवाहरू यता आएर यतै मस्त हुन थालेपछि उनीहरूको देशको नेतृत्व अत्तालियो। कतै आफ्ना युवा नफर्किने पो हुन् कि भन्ने लाग्यो होला। अहिले आफ्ना छोराछोरी कुलतमा पर्दा यताका अभिभावक आत्तिएझैं!अनि त सन् १९७१ मा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले 'अमेरिकाको सबभन्दा ठूलो शत्रु ड्रग्स नै हो' भन्दिए। अमेरिका आफै फिल्डमा उत्रिएपछि कसको के लाग्नु!त्यति बेला अहिलेजस्तो अनेकरूपी रसायनयुक्त लागुऔषध थिएनन्। गाँजा, अफिम र कोकाको झार मुख्य थिए।

योजना बनाएर 'ड्रग्स' विरूद्धको युद्ध लड्ने तयारी भयो।नेपाल अहिले त्यसैगरी लड्नुपर्ने अवस्थामा पुगेको छ। तीनै तहका सरकारको ढुकढुकीले भन्दैछ – लागुऔषधले युवालाई बिगार्दैछ। परिवार छिन्नभिन्न पार्दैछ। समाजमा अपराध बढाउँदैछ।तर ठोस र योजनाबद्ध काम कतैबाट हुन सकेको देखिँदैन। लागुऔषध विरूद्धको युद्ध लड्ने तयारी फितलो देखिँदै छ।लागुऔषधको ओसारपसार र प्रयोग दिनानुदिन बढ्नुका कारण अनेक छन्। खुला सीमा छ। तिनका ठाउँ ठाउँबाट विभिन्न नाउँका लागुऔषध छिरेर गाउँ गाउँ पुगेका छन्, खेताला र भरिया लगाएर। जीउमा, छातीमा, यौनांगमा, भारीमा, झोलीमा, बोरीमा; के केमा लुकाएर भित्रिँदैछन्।

तिनको गन्तव्य केवल सीमा पार गरेर भित्रिने मात्र कहाँ हो र? उस्तै परे अर्कोतिरको सीमासम्म हुन्छ। त्यहीँ सीमा छेउछाउका त फुत्त पारि पसेर, स्वाट्टै सेवन गरेर फर्किन सक्छन्।पारि जान नसक्नेलाई वारि ल्याइदिनुपर्‍यो। यहाँ पुर्‍याएर मात्र पनि भएन। खानेले खोजीखोजी खाइहाल्छन्। नखाएकालाई खोजीखोजी खुवाउने बनाउनुपर्‍यो। घरघरमा फैलाउनुपर्‍यो। तराई सीमाबाट अवरोध छिचोल्दै पहाड उक्लिन सघाउनुपर्‍यो।

थरीथरी लागुऔषध भित्रिरहेका मात्र छैनन्, बोराका बोरा, क्विन्टलका क्विन्टल गाँजा निकासी पनि भइरहेछ। मकवानपुरमा, धनकुटामा, रूकुमतिर ठूलो मात्रामा गाँजा खेती भइरहेको छ। अहिले त गाँजाभन्दा अफिमतिर आकर्षण बढ्दैछ। उता अफगानिस्तानमा तालिबान सत्तामा आएपछि अफिम उत्पादन घटेर पनि होला, अरू ठाउँमा यसप्रतिको लगाव बढेको।लागुऔषधको यो डरलाग्दो अवस्था रोक्न कठोर हुन अबेर भइसक्यो।

बा मर्दा किरिया नगर्ने रे! लागुऔषध सेवनले खोपिल्टा परेका आँखा उसले बासँग जुधायो। आवेशमा काम्दै गरेको चोर औंलो तेर्स्यायो। अनि मुर्मुरिँदै भन्यो, 'तँ बुढो मरेपछि तेरो किरिया पनि गर्दिनँ। हेरिराख्नु!' छोरोका तीखा शब्दवाण कानको बाटो छिरेर मुटुका भित्तामा गाडिए। अनुहार नियास्रियो। आँखाका डिलले आशुँको मूल नथेग्दा पीडा धरधरी बग्यो। लागुऔषधको कुलत परिसकेको एक्लो छोरोलाई दोस्रो पटक 'रिह्याब' (पुनर्स्थापना/सुधार केन्द्र) मा छोडेर फर्किँदै गरेका बाले मनमनै सोचे, 'मरेपछि हेरे के नहेरे के?'

तर तन बटारिएर आयो। खुट्टा लुगलुगी कामे। बा थचक्क भुइँमा बसे।छोरो रिह्याबमा बसेको महिनौंसम्म दुवैको ओठमा हाँसो आएन। न रिह्याबमा बस्ने छोराको, न छोरो पठाएर घरमा कैद हुने बाको।कतिपय लागुऔषध यस्ता पनि छन् जसलाई व्यक्तिले तीन-चार पटक जानेर वा अन्जानमै खाएपछि लत लाग्छ। तीन-चार पटक त नजिकको साथी बनेर खाजा खुवाएर, फकाएर, नयाँ चीज हो भनेर खानेकुरामा मिसाइदिएर वा अनेक तरिकाले चखाउन सकिन्छ। यसका लागि गिरोह नै लागिरहेको छ लागुऔषधको संसारमा।डोपामाइनयुक्त लागुऔषधका कारण चाँडै लत लाग्ने पनि विज्ञहरू बताउँछन्। रिह्याबमा बस्ने छोरो पनि यस्तै कुनै लागुऔषध खाएर कुलतमा परेर पारिवारिक तनावको अवस्था आयो।

**चौध पटक रिह्याब**

रिह्याब अर्थात् पुनर्स्थापना/सुधार केन्द्र– कुलतमा परेकालाई सुधार्ने ठाउँ।यस्ता ठाउँमा बस्न सरूसुरूमा पीडादायी होला। त्यहाँ बस्ने केहीले केही समय बसेपछि कुलत छोड्छन्। केही भने त्यहाँ बसुञ्जेल छाडेर निस्किएपछि पुनः सुरू गर्छन्। त्यही भएर लागुऔषध प्रयोगकर्ता दोहोर्‍याइ तेहर्‍याइ रिह्याब धाएको देखिन्छ, सुनिन्छ।एक युवा लागुऔषधको कुलतमा पर्‍यो। परिवारले थाहा पाएर रिह्याब पठायो। एक पटक होइन, पटक पटक पठायो। कहिले काठमाडौं, कहिले भैरहवा, कहिले पोखरा, देशभरका नाम चलेका रिह्याब सेन्टर चहार्‍यो।युवक चौध पटक रिह्याब बस्यो। लगभग त्यति नै किसिममा लागुऔषध प्रयोग पनि गर्‍यो।पहिलो रिह्याबमा उसलाई राम्ररी परामर्श भएन। सायद दोस्रो, तेस्रोमा पनि उही कथा दोहोरियो।

अन्तिममा बसेको रिह्याबमा उसलाई 'ओबामा पनि युवा हुँदा गाँजा सेवनको कुलतमा परेर सुध्रिँदै अमेरिकाको राष्ट्रपतिसम्म बन्न सफल भएका, फलानो सेलेब्रेटी यसरी नशामुक्त भएर सफल भएको, ढिस्कानो खेलाडीले लागुऔषध विरूद्धको लडाइँ यसरी जितेको' जस्ता उत्प्रेरणामूलक भनाइ र सफलताका कथाले 'क्लिक' गरेछ।

हौसलाको 'डोज' ले उसले सेवन गरेका लागुऔषधका सबै 'डोज' लाई जित्यो। उसले नशा कहिले नछुने अठोट मात्र गरेन, आफूजस्ता कुलतमा फसेका युवालाई यो 'कालो' संसारबाट निकालेर उज्यालोतिर लैजाने कसम पनि खायो। आफू नशामुक्त भएपछि देशभरका तीन सय रिह्याबको भीडमा एउटा रिह्याब खोलेर नशामुक्त समाज बनाउन योगदान गरिरहेछ।

शिक्षकहरू भन्छन्–पश्चिम तराई कैलालीको हिमालय माविका शिक्षक बुद्धिराम चौधरी भन्छन्, 'विद्यार्थीहरू चुरोट र गुट्खा खाएर लागुऔषधको यात्रा सुरू गर्छन्। विद्यालय प्रवेश गर्ने बेला पाइन्टको गोजी वा झोला खानतलास गरे चुरोट र गुट्खाका पुरिया भेटिन्छ। सबै झिकेर जफत गर्‍यो, जलायो, नष्ट गर्‍यो। विद्यार्थीलाई एकछिन तनाव हुन्छ। टिफिन टाइममा स्कुलको पर्खालसँगै जोडिएका किराना पसलमा सजिलै पाइने गुट्खा, चुरोट किनेर ल्याइहाल्छन्।'

उनले भनेजस्तै व्यवसायीले नबुझिदिँदा र पर्याप्त बजार अनुगमन नहुँदा पनि यो विकृति नियन्त्रण गर्न सकिएको छैन। आज चुरोटको खिल्लीबाट धुँवा उडाउनेहरू, भोलि लागुऔषधको कूलतमा लाग्ने सम्भावना उच्च रहन्छ।

मोरङको एक स्कुलका प्रधानाध्यापक लागुऔषधले निम्त्याएको भयावह अवस्थाबारे भन्छन्, 'अभिभावकले आफ्ना छोराछोरी सम्हाल्न नसकेर आत्मसमर्पण गरिसके। सन्तानलाई प्रधानाध्यापक वा विद्यालय प्रशासनको जिम्मा लगाउन थालेका छन्। कुलतमा पर्दै गएका छोराछोरीलाई सम्झाउन खोजे खुकुरी लिएर झम्टिन आउँछन्। कैयौं उदाहरण पनि छन्। अभिभावक र शिक्षकहरू असुरक्षित छन्। समस्या हरदिन बढ्दैछ।'

खासगरी तराईका ठूला सहरको साझा र गम्भीर समस्या बनेको छ लागुऔषध। तर त्यहाँ खानेभन्दा ओसारपसार गर्ने बढी छन्। पारिबाट सिन्थेटिक र नियन्त्रित लागुऔषध आउँछ। मकवानपुर, धनकुटा जस्ता जिल्लातिरबाट गाँजा, चरेस, अफिम जान्छ। तराईका सीमा हुँदै लागुऔषध पहाड उक्लिन्छ। सेतोपाटी

# 'जनआकांक्षा पूरा गर्न सरकारले काम गरिरहेको छ'



बैतडी। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले जनआकांक्षा पूरा गर्न सरकारले काम गरिरहेको बताउनुभएको छ।

यहाँको दोगडाकेदार गाउँपालिका पूर्ण संस्थागत सुत्केरी घोषणा समारोहमा उहाँले वर्तमान सरकारले केही गर्न नसकेको भन्ने भाष्य गलत रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "वर्तमान सरकार जनआकांक्षा पूरा गर्न काम गरिरहेको छ। केही भएको छैन भन्ने भाष्य गलत हो ।"नेपालमै थुप्रै सम्भावना रहेकाले स्वरोजगार बन्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो, "हाम्रै वरिपरि थुप्रै सम्भावना छन् । तिनको खोजी गरेर उद्यमी बन्न जरुरी छ। त्यसमा सरकारले सहयोग गर्छ।"

खानी, खनिज, जडीबुटी, कृषिमा सम्भावना रहेको बताउँदै उहाँले नेपालमै रोजगारीका अवसर रहेको बताउनुभयो । गाउँपालिकाका अध्यक्ष चक्र कार्कीले स्वास्थ्य र शिक्षा क्षेत्र प्राथमिकतामा रहेको बताउनुभयो । गाउँपालिकाकी उपाध्यक्ष पार्वती कार्कीले महिला र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेको बताउनुभयो।

दोगडाकेदारका १७ स्वास्थ्य संस्थाबाट सुरक्षित प्रसूति सेवा सञ्चालनमा छ। गाउँपालिकाबाट गर्भवती र सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स, मातृशिशु कोष र कोशेली वितरण हुँदै आएका छन्।

चालु आर्थिक वर्षमा गाउँपालिकाभित्रका ३०८ गर्भवतीले स्वास्थ्य संस्थामै बच्चा जन्माएपछि गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा गरिएको छ। समारोहमा स्वास्थ्यकर्मीलाई सम्मान गरिएको छ।रासस

# स्वदेश फर्किएर विकास र समृद्धिमा सघाउन आग्रह

मेड्रिड। प्रधानमन्त्री केपी शर्मा ओलीले स्पेनस्थित प्रवासी नेपाली मञ्चका पदाधिकारी र प्रतिनिधिसँग अन्तरक्रिया गर्नुभएको छ।

स्पेनको सेभियामा संयुक्त राष्ट्रसङ्घको विकासका लागि वित्त सम्मेलनसँग सम्बन्धित कार्यक्रम सकिएपछि हाल मेड्रिडमा रहनुभएका प्रधानमन्त्री एवम् नेकपा (एमाले)का अध्यक्ष ओलीसँग गएराति भेटघाट भएको हो।

स्पेनका लागि नेपाली राजदूतको निवासमा भएको भेटमा एमाले निकट मञ्चका पदाधिकारीहरूले प्रधानमन्त्री ओलीलाई स्पेनमा स्वागत र सम्मानसहित प्रधानमन्त्री ओलीको नेतृत्वमा नेपालमा भइरहेको विकास र समृद्धिको यात्राको सफलताको कामना पनि गर्नुभएको छ।

प्रधानमन्त्री ओलीले विदेशमा सिकेको ज्ञान, अनुभव र पुँजीलाई स्वदेशको विकास र समृद्धितर्फ प्रयोग गर्नेक्रम चलिरहेकाले नेपालमा फर्केर उपयुक्त पेसा व्यवसायमा संलग्न हुन आग्रह गर्नुभयो। अध्यक्ष ओलीले मुलुकमा स्थिरता र विकासका लागि दुई ठुला दलको सहकार्यमा वर्तमान सरकार बनेको स्पष्ट गर्दै आफूहरूबीच भएको समझदारीबमोजिम समय आउनु केही साता अघि नै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले विषम परिस्थितिमा पनि आफूहरुले मुलुकलाई राजनीतिक निकास र स्थायित्व दिँदै आएको विगतलाई स्मरण गर्दै आगामी दिनमा पनि सहज निकास दिइने बताउनुभयो। अहिलेको गठबन्धन र आफ्नो पार्टीभित्र बाहिर चर्चामा आएजस्तो कुनै समस्या र विवाद नभएको पनि उहाँले स्पष्ट पार्नुभयो।

भेटका क्रममा प्रधानमन्त्रीका मुख्य सल्लाहकार एवम् एमालेका उपमहासचिव विष्णुप्रसाद रिमाल, स्पेनका लागि नेपाली राजदूत शनिल नेपाल, प्रवासी नेपाली मञ्च, अन्तरराष्ट्रिय कमिटीका सचिव एवं सङ्गठन विभाग प्रमुख हेम शेर्पा, युरोप महादेश कमिटीका संयोजक मुक्तबहादुर गुरुङ, मञ्चका स्पेन अध्यक्ष केदार ढुङ्गाना, मेड्रिड कमिटीका अध्यक्ष शिवराज सिग्देल र पोर्चुगलका अध्यक्ष दीपक क्षेत्रीलगायत सहभागी हुनुहुन्थ्यो ।रासस



# नागरिक उड्यन प्राधिकरणको संरचनागत सुधार अपरिहार्य: विज्ञहरु




काठमाण्डु। मुलुकको हवाई क्षेत्रलाई व्यवस्थित, सुरक्षित र भरपर्दो तुल्याउन नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई सेवालाई सेवाप्रदायक र नियामक निकायका रुपमा विभाजन गरिनुपर्ने यस क्षेत्रका विज्ञहरुले औंल्याउनुभएको छ।

प्रतिनिधिसभाअन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सिंहदरबारमा विहिबार भएको बैठकमा क्यानका पूर्वमहानिर्देशक सञ्जीव गौतमले हवाई सेवालाई सुरक्षित र व्यवस्थित तुल्याउन विद्यमान क्यानको संरचनालाई परिवर्तन जरुरी रहेको उल्लेख गर्नुभयो।गौतमले भन्नुभयो, "क्यानको संरचनागत सुधारको विषय लामो समयदेखि उठिरहेको र पटक-पटक सरकारको नीति तथा कार्यक्रममा पनि समेटिएको थियो। अहिले यो करिब अन्तिम चरणमा पुगेको छ। विभाजन मात्रै ठूलो कुरा होइन एउटै छातामुनि भएपनि 'फङ्सनल सेपेरेसन' स्पष्ट हुनुपर्छ।"

पूर्वमहानिर्देशक गौतमले हालको संरचनामा क्यानले सेवा प्रदायकमा बढी फोकस भएको तर नियनमको पाटोलाई कम महत्व दिएकाले हवाई सुरक्षा प्रभावकारी हुन नसकेको उहाँको भनाइ थियो। उहाँले नयाँ संरचनामा विज्ञसमूह बनाउदा भरसक मन्त्रालयका सहसचिव भन्दा विज्ञहरुलाईनै प्राथमिकता दिएको खण्डमा प्रभावकारी हुने बताउनुभयो । हवाई विज्ञ डा दीपक बास्कोटाले हवाई सुरक्षा प्रणालीलाई बलियो बनाउन सेवाप्रदायक र नियामक निकायको रुपमा स्थापित गरिनुपर्नेमा जोड दिनुभयो। "क्यान आइसोलेशनमा बस्न सक्दैन। संरचनागत सुधार अपरिहार्य देखिन्छ, त्यसका लागि विधेयकलाई समृद्ध बनाएर लैजानुपर्छ", उहाँले भन्नुभयो।

डा बास्कोटाले क्यानलाई छुट्टाछुट्टै निकायका रुपमा स्थापित गरेको खण्डमा युरोपेली सङ्घ (इयू)को 'सेफ्टी सूची' बाट हट्नेमा विश्वास व्यक्त गर्नुभयो। इयूले नेपालको हवाई क्षेत्रलाई सन् २०१३ देखी सेफ्टी सूचीमा राखेको छ।

विधेयकमा सुझाव दिँदै विज्ञ बास्कोटाले नेपाल हवाई सेवा प्राधिकरण र एयरपोर्ट अथोरिटी अफ नेपाल राख्दा उपयुक्त हुने धारणा राख्नुभयो । साथै उहाँले नेपाल हवाई सेवा प्राधिकरणअन्तगर्तको समितिमा कर्मचारीभन्दा पनि विज्ञहरुलाई राख्न सुझाव दिनुभयो । समितिले नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०८१ र नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१ माथि विज्ञहरुसँग छलफल गरी राय सुझाव लिएको हो। विस २०८१ माघ १९ गते प्रतिनिधिसभामा नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१ र नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०८१ दर्ता भएको थियो। प्रतिनिधिसभामा दफावार भई विस २०८२ जेठ ४ गते विषयगत समितिमा दफावार छलफलका लागि पठाइएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले उक्त विधेयक अगाडि बढाउनुभएको हो । समितिका सदस्यहरुले हवाई सुरक्षालाई बलियो बनाउन के कस्ता उपायहरु अबलम्बन गर्न सकिन्छ भनेर विज्ञहरुसँगा जिज्ञाशा राख्नुभएको थियो । विज्ञहरुले विधेयकका प्राब्धान र समेट्नुपर्ने विषयमा समितिलाई प्रस्तुतिकरण दिनुभएको थियो।

समितिका सभापति राजकिशोर यादवले मुलुकको हवाई सेवालाई व्यवस्थित र सुरक्षित बनाउन के कस्ता उपायहरु अपनाउन सकिन्छ र प्रतावित दुवै विधेयकमा समेट्नुपर्ने विषयबारे विज्ञहरुबाट रायसुझाव लिइएको बताउनुभयो।

उहाँले विज्ञ एवं सरोकारवालासँग छलफल सकेर चाँडै दफावार छलफलका साथ अघि बढाइने विश्वास व्यक्त गर्नुभयो । समितिका सदस्यहरुले विधेयक चाडो टुङ्ग्याउनुपर्नेमा एकमत देखिनुभएको थियो।रासस

# सभापति देउवाद्वारा कांग्रेस नेता यादवको निधनमा दुःख व्यक्त

काठमाण्डु। नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सप्तरी क्षेत्र नं २ का क्षेत्रीय कार्यसमितिका सभापति श्यामकुमार यादवको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ।

सभापति देउवाको तर्फबाट पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले विहिबार शोक विज्ञप्ति जारी गरी असार १७ गते राति ११:३० बजे ६० वर्षको उमेरमा निधन भएका यादवप्रति दुःख व्यक्त गर्नुभएको हो ।राजविराज नगरपालिका-१२ निवासी स्वर्गीय यादवले कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो । उहाँको निधनबाट नेपाली कांग्रेसले एक अग्रज र अनुभवी व्यक्तित्वलाई गुमाएको कांग्रेसले जनाएको छ।

सभापति देउवाले स्वर्गीय यादवप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आत्माको चिर शान्तिको कामना साथै शोक सन्तप्त परिवारजनप्रति पार्टी र आफ्नो तर्फबाट गहिरो समवेदना प्रकट गर्नुभएको छ ।रासस

# रास्वपाले संसदीय छानबिन समिति गठनको माग गर्ने

काठमाण्डु। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निजामती सेवा विधेयकमा 'कुलिङ पिरियड'बारे भएको हेरफेरप्रति आपत्ति जनाएको छ।

रास्वपाको विहिबार बसेको पार्टी सचिवालयको बैठकले प्रतिनिधिसभाबाट पारित निजामती सेवा विधेयकमा समावेश कुलिङ पिरियडसम्बन्धी व्यवस्थामा भएको हेरफेरमा संलग्नको छानबिन गर्न संसदीय छानबिन समिति गठनको माग गर्ने निर्णय गरेको हो।

बैठकका निर्णयबारे जानकारी दिँदै प्रवक्ता मनिष झाले विधायिकी प्रक्रियामाथि चलखेल वा बदमासीपूर्ण गतिविधि असह्य र संसद्को सचिवालय बैठकमा उम्मेद्वार छनोट कार्यविधि अनुमोदनका लागि प्रस्तुत गर्ने निर्णय गरेको छ।

त्यसैगरी भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन आयोग बनाउनुपर्ने र छानबिनका लागि सहजीकरणका लागि गृहमन्त्रीले राजीनामा दिनुपर्ने मागलाई यथावत् राख्दै संसद्मा चलिरहेको प्रतिरोधलाई निरन्तरता दिने निर्णय गरेको छ।

बैठकले पार्टीका केन्द्रीय विभाग सक्रिय बनाउने निर्णय गरेको छ। विभाग प्रमुखहरूले रिक्त पदपूर्ति र असार मसान्तसम्मको कार्यसम्पादन प्रतिवेदन आगामी साउन ७ भित्र पेस गर्न निर्देशन दिएको प्रवक्ता



गरिमा जोगाउने पक्षमा पार्टी स्पष्ट रहेको बताउनुभयो। आज पार्टी केन्द्रीय कार्यालयमा बसेको बैठकमा आगामी कार्तिक २७ गते हुने रुपन्देही क्षेत्र नं ३ को उपनिर्वाचनमा उम्मेद्वार छनोटका विषयमा छलफल भएको थियो।

आगामी आइतबारको झाले जानकारी दिनुभयो। बैठकले केन्द्रीय सङ्गठन विभागमा तीन सदस्य मनोनीत गर्ने निर्णय गरेको छ। केन्द्रीय सङ्गठन विभाग सदस्यहरुमा प्रमीला भुसाल, मानकुमार लामा र सुशील अधिकारीलाई मनोनीत गरेको हो ।रासस

# एमसिसीअन्तर्गतका योजना कार्यान्वयनलाई निरन्तरता दिने निर्णयको स्वागत

काठमाण्डु । मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) अन्तर्गतका योजना कार्यान्वयनलाई निरन्तरता दिने संयुक्त राज्य अमेरिकी सरकारको निर्णयको स्वागत गरेको छ।

अमेरिकी वैदेशिक सहयोगमा लगाइएको स्थगनका सन्दर्भमा विशेष छुटअन्तर्गत एमसिसी कार्यान्वयनलाई निरन्तरता दिन अमेरिकी सरकारबाट भएको उक्त निर्णयको बुधबार स्वागत गरेको हो । एमसिए-नेपालले २९७ किमी विद्युत् प्रसारण लाइन निर्माण तथा सडक मर्मतलगायतका कार्यसम्बन्धी खरिद प्रक्रिया सम्पन्न गर्नेसहितका कम्प्याक्ट क्रियाकलाप कार्यान्वयन गर्न एमसिसीसँग निकटतापूर्वक काम गरिरहेको जनाएको छ।

एमसिए-नेपालले वैदेशिक सहयोगसम्बन्धी समीक्षा थालनी हुनुपूर्व नै अगाडि बढिसकेका तीनवटा सबस्टेसन एवं १८ किमी सीमापार प्रसारण लाइन निर्माणसम्बन्धी कार्यलाई निरन्तरता दिइरहेको छ ।रासस


## व्यवसायिक कारोबार गर्दा करदाताहरुले ध्यान पुऱ्याउनुपर्ने कुराहरु :

१. कुनै पनि व्यवसाय गर्दा स्थायी लेखा नं. लिएर मात्र कारोबार गरौं।
२. कारोबार स्थलमा सबैले देख्ने गरी स्थायी लेखा नम्बर (पान दर्ता प्रमाण पत्र) एवं करपाटी राख्नुपर्दछ।
३. वस्तु वा सेवाको कारोबार गर्दा अनिवार्य रुपमा बिल विजक जारी गर्नुपर्दछ।
४. कारोबारसँग सम्बन्धित बिल, भौचर, खाता तथा कागजात सुरक्षित राख्नु पर्दछ।
५. वार्षिक कारोबार करयोग्य बस्तुको हकमा ५० लाखसम्म र बस्तु तथा सेवा मिश्रित कारोवार तथा सेवा व्यवसायको हकमा ३० लाख भन्दा बढी भएमा मू.अ.कर (VAT) दर्ता हुनुपर्दछ।
६. मू.अ.कर (VAT) दर्ता हुने करदाताले मासिक विवरण महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्दछ।
७. अन्तः शुल्कजन्य वस्तु (मदिरा, चुरोट, खैनी, गुटखा) लगायतको कारोबार गर्दा अन्तः शुल्क इजाजत लिई हरेक वर्षको श्रावण महिनाभित्र नविकरण गरि सक्नु पर्नेछ।
८. आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र (श्रावण देखि असोज मसान्त भित्र) आय विवरण र कर दाखिला गर्नुपर्दछ।
९. प्रत्येक PAN No, VAT No को User Id, Password कार्यालयबाट लिई विवरणहरु भर्न, Verify गर्न र करचुक्ता प्रमाणपत्र प्रिन्ट गर्न, विवरणहरु हेर्न, बैंकको ऋणको Processing गर्न सकिनेछ।
१०.करदाता आफ्नो Username/Password आफैले सुरक्षित राखु पर्दछ। अरुलाई share नगर्ने गर्ने पर्ने भए सम्झौता गरेर मात्र दिने।
११.व्यवसायिक कारोबार वापतको भुक्तानी व्यक्तिगत खाता, QR मा दाखिला नगर्नुहोला।
१२.करदाताले कर बुझाउँदा आर्थिक वर्ष, राजस्व शीर्षक र स्थायी लेखा नम्बर अनिवार्य रुपमा भौचर उल्लेख गर्नुपर्दछ।
१३.कारोवार बन्द भएमा अनिवार्य रुपमा स्थायी लेखा नं. स्थगन तथा मु.अ.कर दर्ता खारेजी गर्नुपर्दछ।

आन्तरिक राजस्व कार्यालय, जनकपुर
जनकपुरधाम, धनुषा



## विज्ञको सूची (रोष्टर) मा सूचिकृत हुने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२।०३।१९ गते

जानकी महिला जागरण समाज (JWAS) धनुषाका लागि आगामी आर्थिक वर्ष २०८२।०८३ मा यस कार्यालयलाई आवश्यक पर्ने तपशिलका विभिन्न परामर्श सेवाहरुको पटक पटक आवश्यक पर्ने भएकाले सो सेवाहरु उपलब्ध गराउन इच्छुक विज्ञ व्यक्ति वा इजाजत प्राप्त गरेका फर्महरुले निवेदनका साथ विज्ञ व्यक्तिका हकमा आफ्नो शैक्षिक योग्यता, अनुभव र दक्षता तथा व्यक्तिगत विवरण र फर्मको हकमा दर्ता तथा कर चुक्ता गरेको प्रमाण पत्रका प्रतिलिपिहरु तथा संस्थागत प्रोफाईल सम्बन्धित फर्मको आधिकारिक व्यक्तिवाट प्रमाणित गराई आफ्नो विज्ञता, दक्षता तथा अनुभव भएको विषयमा मात्र यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १० (दस) दिन भित्र यस संस्थाको कार्यालयमा दर्ता गराउन हुन वा तलको ईमेलमा पठाउन हुन सुचित गरिन्छ। लिखित निवेदन दर्ता गराउनको लागि यस कार्यालयको लेखा तथा प्रसाशन शाखामा सम्पर्क गर्नुहोला। आवेदकहरुलाई सूचीमा समावेश गरेर आवश्यकता अनुसार सम्पर्क गरिनेछ।

**तपशिल (सम्भावित आवस्यक कार्यहरूको सुची)** :

- जलवायू मैत्री कृषि सम्वन्धी तालिमहरु सहजिकरण, अध्ययन, सर्वेक्षण, तालिम तथा सहजिकरण पुस्तिका तयारी
- जैविक कृषि सम्वन्धी तालिमहरु सहजिकरण, अध्ययन, सर्वेक्षण, तालिम तथा सहजिकरण पुस्तिका तयारी
- पुर्नजीवित कृषिको अभ्यास सम्वन्धी तालिमहरु सहजिकरण, अध्ययन, सर्वेक्षण, तालिम तथा सहजिकरण पुस्तिका तयारी
- हरित उधमसिलता विकास सम्वन्धी तालिमहरु सहजिकरण, अध्ययन, सर्वेक्षण, तालिम तथा सहजिकरण पुस्तिका तयारी
- बैकल्पिक तथा नविकरणीय उर्जा उधमसिलता विकास सम्वन्धी तालिमहरु सहजिकरण, अध्ययन, सर्वेक्षण, तालिम तथा सहजिकरण पुस्तिका तयारी
- गैर कृषि मुलक आयअर्जन कार्यक्रम तथा उद्यमसिलता विकास सम्वन्धी तालिमहरु सहजिकरण, अध्ययन, सर्वेक्षण, तालिम तथा सहजिकरण पुस्तिका तयारी
- आर्थिक साक्षरता विषयमा तालिमहरु सहजिकरण, अध्ययन, सर्वेक्षण, तालिम तथा सहजिकरण पुस्तिका तयारी।
- जलवायू परिवर्तन सम्वन्धी विषयमा तालिमहरु सहजिकरण, अध्ययन, सर्वेक्षण, तालिम तथा सहजिकरण पुस्तिका तयारी।
- परियोजनाहरुको भिडियो तथा केस स्टडी, छोटो भिडियो डकुमेन्टी तयारी।
- आभारभुत, मध्यावधी तथा अन्तिम सर्वेक्षण तथा विष्लेषण।
- Start and Improve Your Business (SIYB) लगायत अन्य व्यवसायिक सिप विकास तथा व्यवसाय प्रवर्धन तालिम सहजिकरण तथा करिअर काउन्सिलिंग।
- लघु उधम गर्न चाहने सहभागीहरुका लागि व्यवसाय योजना तयारी।
- इभेन्ट मेनजमेन्ट सेवा।
- प्रारम्भिक बालविकास तथा शिक्षा
- Local Adaptation Plans for Action (LAPA) तयारी।
- संस्थाको रणनिती योजना तयारी तथा पुनरावलोकन।
- संस्थाको आन्तरिक निति, नियमावली, योजना तयारीमा सहजीकरण।
- संस्थाको कार्यक्षेत्रमा जलवायु परिवर्तनको कारणले महिला तथा किशोरीहरुको शारिरिक तथा मानसिक स्वास्थ्यमा परेको असर सम्वन्धी अध्ययन कार्य।
- ग्राफिक डिजाईन गर्ने कार्य
- भिडियो तथा स्टिल फोटो ग्राफी सम्वन्धी कार्य।

इच्छुक आवेदक फर्म वा व्यक्तिले माथि उल्लेखित कागजातहरु संलग्न गरी निर्धारीत मिति भित्र यस संस्थाको कार्यालयमा आफनो आवेदन पेश गर्नु पर्ने छ।

सम्पर्कका लागि ठेगाना
जानकी महिला जागरण समाज (JWAS), जनकपुरधाम ४, कटैयाचौरी जानेबाटो, धनुषा
इमेलः jwas@ntc.net.np, jwasnepalngo@gmail.com फोन नं ०४१–५९१९५०

# विवादित काश्मीरमा हिन्दू तीर्थयात्रा सुरु

एएफपी

पहलगाम ।हिन्दूहरूले बिहीबार विवादित भारतीय काश्मीरमा एक महिना लामो विशाल तीर्थयात्रा सुरु गरेका छन् । धेरै श्रद्धालुहरू अप्रिलको घातक आक्रमणले पाकिस्तानसँग द्वन्द्व निम्त्याएको ठाउँ नजिकैबाट यात्रा सुरु गरेका छन् ।गत वर्ष पहलगाम सहरको माथिको जङ्गलले घेरिएको हिमाली पहाडको गुफामा अवस्थित पवित्र बरफ स्तम्भको अमरनाथ तीर्थयात्रामा पाँच लाख भक्तजनले भाग लिएका थिए ।



पहलगाम त्यो स्थल हो जहाँ २२ अप्रिलमा बन्दुकधारीहरूले २६ जना हिन्दू पर्यटकको हत्या गरेका थिए।नयाँदिल्लीलेबन्दुकधारीहरूलाई पाकिस्तानको समर्थन रहेको बताएको थियो भने इस्लामाबादले उक्त दाबीलाई अस्वीकार गरेको थियो । बन्दुकधारीको उक्त आक्रमणले परस्पर कूटनीतिक उपायहरूको शृ् ला सुरु गऱ्यो र यो चार दिनको द्वन्द्वमा परिणत भयो ।सन् १९९९ पछि आणविक-सशस्त्र यी दुई मुलुकले गरेको यो सबैभन्दा खराब गतिरोध थियो । मे १० को युद्धविरामअघि दुवै पक्षमा मिसाइल, ड्रोन र तोप आक्रमणमा ७० भन्दा बढी मानिस मारिएका थिए ।

तर उत्तर प्रदेश राज्यबाट यात्रा गरेका तीर्थयात्री मुनेश्वर दास शास्त्रीले भन्नुभयो, "कुनै पनि प्रकारको डर छैन, हाम्रो सेनाले जतातततै पहरा दिइरहेको छ । कसैले पनि हामीतिर औँला उठाउन सक्दैन ।

"भारतले यस कार्यक्रमका लागि सुरक्षा बढाएको छ । हिन्दू धर्मका संहारकर्ता देवता शिवलाई समर्पित उच्च उचाइको गुफामा पुग्ने कठिन यात्राको निरीक्षण गर्न उच्च प्रविधिको निगरानी उपकरणहरूसहित ४५ हजार सेना तैनाथ गरिएको छ ।"तीर्थयात्रीहरूलाई सुरक्षित र सहज बनाउन हामीसँग बहुस्तरीय र गहिरो सुरक्षा व्यवस्था छ", मुस्लिम बहुल क्षेत्रका प्रहरी प्रमुख भीके बर्डीले भन्नुभयो ।

**डर छैन**

पहलगाममा सैनिकहरूले टेन्ट गरिएको आधार शिविरलाई रेजर तारले घेरिएको किल्लामा परिणत गरेका छन् ।भर्खरै तैनाथ गरिएका सशस्त्र गाडीहरूमा वा बालुवाको बोराहरू पछाडिको बन्दुकको स्थितिबाट सेनाहरूले नजिकबाट अनुहार पहिचान क्यामेराहरूले सहयोग गरेका प्रयासमार्फत निगरानी राख्छन् ।जम्मू काश्मीरका भारतीय नियुक्त शीर्ष प्रशासक मनोज सिन्हाले भन्नुभयो, "मार्गका सबै मुख्य विन्दुमा उच्च गुणस्तरका निगरानी क्यामेराहरू स्थापना गरिएको छ ।"

सबै तीर्थयात्रीहरू दर्ता भएका हुनुपर्छ र हिँड्न सुरु नगरेसम्म संरक्षित गाडीमा यात्रा गर्नुपर्छ ।बाटोको जङ्गलमा लुकेका बङ्करहरू निर्माण गरिएका छन्, जहाँ दर्जनौँ अस्थायी भान्साघर हरूले निःशुल्क खाना प्रदान गर्छन् ।इलेक्ट्रोनिक रेडियो कार्डहरूले तिनीहरूको स्थान सङ्केत गर्छन् ।तीर्थयात्रीहरूलाई अन्तिम सजिलो मोटरेबल ट्र्याकबाट लगभग ३० किलोमिटर (१८ माइल) माथि तीन हजार नौ सय मिटर (१२ हजार आठ फिट) उचाइमा अवस्थित गुफामा पुग्न धेरै दिन लाग्न सक्छ ।

"यहाँ जे पनि आक्रमण भयो, म डराएको छैन । म बाबा (बरफको संरचना) को एक झलक लिन आएको हुँ", भारतको उत्तर प्रदेश राज्यका २९ वर्षीय उज्ज्वल यादवले मन्दिरको पहिलो तीर्थयात्रा गर्दै भन्नुभयो, "यहाँ यस्तो सुरक्षा व्यवस्था छ कि कसैलाई चोट लाग्न सक्दैन ।"सिन्हाले 'जनताको विश्वास फर्किँदैछ' भन्नुभए पनि यस वर्ष तीर्थयात्री दर्ता १० प्रतिशतले घटेको स्वीकार गर्नुभयो ।एक समय सामान्य, अल्पज्ञात अनुष्ठान, मुख्यतः स्थानीय केही हजार भक्तजनले मात्र सहभागिता देखाउँथे । यो तीर्थयात्रा सन् १९८९ मा सशस्त्र विद्रोह सुरु भएदेखि बढेको छ ।

त्यसबेलादेखि भारत सरकारले अगस्ट ९ सम्म चल्ने यो वार्षिक कार्यक्रमलाई धेरै बढावा दिएको छ ।काश्मीरमा भारतको नियन्त्रणविरुद्ध लड्ने विद्रोहीहरूले तीर्थयात्रा लक्ष्य नभएको बताएका छन् । यद्यपि उनीहरूले यदि यो हिन्दू प्रभुत्व स्थापना गर्न प्रयोग गरियो भने कारबाही गर्ने चेतावनी दिएका छन् ।

सन् २०१७ मा सन्दिग्ध विद्रोहीहरूले तीर्थयात्री बसमा आक्रमण गरी ११ जनाको ज्यान लिएका थिए ।

भारतको स्थायी रूपमा पाँच लाख सैनिक तैनाथ रहेको काश्मीरमा सुरक्षा बलले खोजी गरे तापनि अप्रिल २२ को हत्या गर्ने बन्दुकधारीहरू फरार छन् ।

जुन २२ मा भारतको राष्ट्रिय अनुसन्धान एजेन्सीले पहलगाम क्षेत्रबाट दुई जनालाई पक्राउ गरेको बताएको थियो । उनीहरूले बन्दुकधारीहरूलाई 'खाना, आश्रय र रसद सहयोग प्रदान गरेको' बताएका थिए । भारतीय प्रहरीले तीन बन्दुकधारीका लागि वाञ्छित सूचना जारी गरेको छ । तीमध्ये दुईजना पाकिस्तानी नागरिक भएको उनीहरूले बताएका छन् ।

## एसिसी इस्ट जोन कप क्रिकेटः
# मलेसियालाई हराउँदै नेपाल फाइनलमा




काठमाण्डु । मलेसियालाई हराउँदै नेपाल एसिसी पुरुष यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ ।

मलेसियाको सिलेगंर ट्रफ क्लबमा विहिबार भएको सेमिफाइनल खेलमा नेपाल मलेसियालाई नौ विकेटले पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको हो । मलेसियाले दिएको ९१ रनको लक्ष्य नेपालले ११ दशमलव चार ओभरमा एक विकेट गुमाएर पूरा गर्‍यो।

नेपालको जितमा परिमार्जन यादवले सर्वाधिक ५९ रनको योगदान दिए । उनले ३५ बलमा पाँच चौका र पाँच छक्काको सहयोगमा सर्वाधिक रन बनाएको हो । यसैगरी शिवान्श बजगाईं २२ बलमा पाँच चौकाको सहयोगमा २३ रन बनाउँदै अविजित रहे । मलेसियाका लागि नागिनिश्वरमले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको मलेसिया ४३ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ९० रनमा समेटियो । मलेसियाका लागि मोहम्मद फतुलले ७१ बलमा सर्वाधिक ३८ रन बनाए । त्यस्तै कप्तान डिज पार्तो ३२ बलमा १० रन बनाएर आउट भए । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन ।

नेपालका अभय यादवले चार विकेट लिए भने शुभम खनालले तीन विकेट लिए । त्यस्तै कप्तान विपिनप्रसाद शर्मा र सचिन भट्टले समान एक-एक विकेट लिए । अब नेपालले उपाधिका लागि दोस्रो सेमिफाइनलको विजेता टोलीसँग खेल्नेछ । दोस्रो सेमिफाइनल हङकङ र सिङ्गापुरबीच हुँदैछ ।

नेपाल समूह 'ए' को विजेता र मलेसिया समूह 'बी' को उपविजेताको रुपमा सेमिफाइनल पुगेको हो । त्यसअघि समूह चरणमा नेपालले खेलेका सबै चार खेल जितेको थियो । नेपालले सिङ्गापुर, जापान, इन्डोनेसिया र भुटानलाई पराजित गरेको थियो । त्यस्तै मलेसियाले समूह चरणका चार खेलमध्ये तीन खेलमा जित हासिल गरेको थियो । माल्दिभ्स, थाइल्यान्ड र म्यानमारलाई हराएको मलेसियाले हङकङसँग पराजय बेहोरेको थियो । गत संस्करणको फाइनलमा मलेसियालाई हराउँदै नेपाल च्याम्पियन बनेको थियो ।

**एसिसी पुरुष यु-१६ को उपाधिका लागि नेपालले सिङ्गापुरसाग खेल्ने**

एसिसी पुरुष यु-१६ पूर्वी क्षेत्रीय क्रिकेट प्रतियोगिताको उपाधिका लागि नेपालले सिङ्गापुरसँग खेल्ने भएको छ । उक्त खेल मलेसियामा शनिबार बिहान ७:४५ बजे सुरु हुने छ ।

नेपालले सेमिफाइनल खेलमा मलेसियालाई नौ विकेटले पराजित गर्दै प्रतियोगिताको फाइनलमा स्थान बनाएको हो । मलेसियाले दिएको ९१ रनको लक्ष्य नेपालले ११ दशमलव चार ओभरमा एक विकेट गुमाएर पूरा गर्‍यो । यस्तै सिङ्गापुरले हङकङलाई ४ विकेटले हराएर नेपालसँगको उपाधि भिडन्त पक्का गरेको हो । हङकङले दिएको एक सय ६९ रनको लक्ष्य सिङ्गापुरले ३८ दशमलव ५ ओभरमा ६ विकेट गुमाएर पूरा गर्‍यो ।

नेपालले यसअघि समूह चरणको खेलमा सिङ्गापुरलाई ६ विकेटले पराजित गरेको थियो । समूह चरणमा नेपालले भुटानलाई दुई सय ९८ रनले तथा इन्डोनेसियालाई तीन सय ७० रनले पराजित गरेको थियो ।

यसैगरी सिङ्गापुरले समूह चरणका खेलमा भुटानलाई दुई सय २६ रनले, जापानलाई तीन विकेटले तथा इन्डोनेसियालाई नौ विकेटले पराजित गरेको थियो । नेपाल समूह चरणका चारवटै खेल जितेर समूह 'ए'को शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा प्रवेश गरेको हो । उक्त समूहबाट दोस्रो स्थानमा रहँदै सिङ्गापुर पनि सेमिफाइनलमा पुगेको हो । यस्तै समूह 'बी'बाट हङकङ शीर्ष स्थानमा रहँदै तथा मलेसिया दोस्रो स्थानमा रहेर सेमिफाइनलमा प्रवेश गरेका थिए ।

नेपाल प्रतियोगिताको डिफेन्डिङ च्याम्पियन हो । नेपालले सन् २०२३ मा भएको प्रतियोगितामा फाइनलमा मलेसियालाई हराउँदै उपाधि जितेको थियो । एसियाली क्रिकेट परिषद् (एसिसी) को आयोजनामा जारी प्रतियोगितामा नेपालसहित १० राष्ट्र सहभागी थिए । समूह 'ए' मा नेपालसहित सिङ्गापुर, इन्डोनेसिया, भुटान र जापान तथा समूह 'बी' मा आयोजक मलेसियासहित हङकङ, माल्दिभ्स, थाइल्याण्ड र म्यानमार रहेका थिए ।
रासस

# प्रमुख गार्मेन्ट उत्पादक बङ्गलादेशको आँखा अमेरिकी व्यापार सम्झौतामा

एएफपी

ढाका । विश्वको दोस्रो ठूलो गार्मेन्ट उत्पादक बङ्गलादेशले आगामी हप्ता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कठोर भन्सार शुल्कहरू लागु हुनुअघि अमेरिकासँग व्यापार सम्झौता गर्ने लक्ष्य राखेको देशको शीर्ष वाणिज्य अधिकारीले बताएका छन् ।व्यापार घाटा कम गर्न ढाकाले बोइङ विमानहरू खरिद गर्न र अमेरिकी गहुँ, कपास र तेलको आयात बढाउन प्रस्ताव गरिरहेको छ । व्यापार घाटालाई ट्रम्पले आफ्नो 'मुक्ति दिवस' घोषणामा पीडादायी कर लगाउने कारणका रूपमा प्रयोग गर्नुभएको थियो ।

"हामीले पारस्परिक व्यापार सम्झौताको मस्यौदालाई अन्तिम रूप दिएका छौँ", सरकार 'जित-जितको सम्झौतामा पुग्न आशावादी' भएको उल्लेख गर्दै महबुबुर रहमानले बुधबार भन्नुभयो ।रहमानले जुलाई ८ का लागि दुवै देशका अधिकारीहरूबीचको बैठक तय भएको बताउनुभयो । अमेरिकाले बङ्गलादेशको रेडिमेड गार्मेन्ट निर्यातको २० प्रतिशत हिस्सा ओगटेको छ ।कपडा र गार्मेन्ट उत्पादनले बङ्गलादेशमा निर्यातको लगभग ८० प्रतिशत ओगट्छ र गत वर्ष सरकारलाई ढालेको



विद्यार्थी नेतृत्वको क्रान्तिमा नराम्ररी प्रभावित भएपछि उद्योग पुनर्निर्माण गरिरहेको छ ।

ट्रम्पले आफ्नो अप्रिल २ को घोषणामा बङ्गलादेशलाई ३७ प्रतिशत करका साथ प्रहार गर्नुभयो । यो कपास उत्पादनहरूमा पहिले नै राखिएको १६ प्रतिशतभन्दा दोब्बर हो ।उहाँले अन्य विश्वव्यापी व्यापारिक साझेदारहरूसँग गरेजस्तै जुलाई ९ सम्म भन्सार शुल्कहरूको परिचय निलम्बन गर्नुभयो । यद्यपि आधारभूत १० प्रतिशत भन्सार शुल्क यथावत राखिएको छ ।बङ्गलादेश बैंक र राष्ट्रिय राजस्व बोर्डका अनुसार सन् २०२४ मा बङ्गलादेशले अमेरिकामा आठ अर्ब ३६ करोड डलर मूल्यका सामान निर्यात गरेको थियो भने त्यहाँबाट दुई अर्ब २१ करोड डलरको आयात भएको थियो ।

**विमान, तेल, कपास**

"व्यापार अन्तर कम गर्ने पहलको एक हिस्साका रूपमा, सरकारले पहिले नै ठूलो मात्रामा गहुँ आयात गर्ने, अमेरिकी निर्माता बोइङबाट १४ वटा विमान खरिद गर्ने, कपास र अमेरिकी फार्महरूबाट थप तेल र ग्यास खरिद गर्ने निर्णय गरिसकेको छ", रहमानले भन्नुभयो ।उहाँले प्रस्तावित सम्झौताको सही समय वा विस्तारको बारेमा थप विवरण दिनुभएन, तर सम्झौतामा पुग्न सरकारले लगभग २८ वटा बैठक र कागजात आदानप्रदान गरेको बताउनुभयो ।

अन्तरिम नेता मुहम्मद युनुसले सोमबार अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग कुरा गर्नुभयो र ढाकाले 'राष्ट्रपति ट्रम्पको व्यापार एजेन्डालाई प्रभावकारी रूपमा प्रतिक्रिया दिन उपायहरूको प्याकेजलाई अन्तिम रूप दिन तपाईंका अधिकारीहरूसँग काम गरिरहेको' बताउनुभयो ।गार्मेन्ट निर्माताहरूको राष्ट्रिय मञ्च बङ्गलादेश गार्मेन्ट म्यानुफ्याक्चरर्स एन्ड एक्सपोर्टर्स एसोसिएसन (बिजिएमइए) का अध्यक्ष महमुद हसन खानले कुनै पनि सम्झौताका बारेमा चिन्ता व्यक्त गर्नुभयो ।"पहिले नै लागु गरिएको अतिरिक्त १० प्रतिशत भन्सार शुल्कले हाम्रा निर्यातकहरूलाई असर गरिरहेको छ र यदि यो अगाडि बढ्यो भने हामीले अमेरिकी क्रेताहरू गुमाउन सक्छौँ", उहाँले चेतावनी दिनुभयो ।

तर बङ्गलादेश निटवेयर म्यानुफ्याक्चरर्स एन्ड एक्सपोर्टर्स एसोसिएसन (बिकेएमइए) का अध्यक्ष मोहम्मद हातेमले आफू आशावादी रहेको बताउनुभयो ।"हामी जुलाई ९ अघि अमेरिकी भन्सार शुल्कमा सकारात्मक परिणामको आशा गर्दछौ ।

# अमेरिका-भियतनाम व्यापार सम्झौताले चीनमा नयाँ अनिश्चितता सिर्जना



एएफपी

हनोई ।संयुक्त राज्य अमेरिकासँगको भियतनामको व्यापार सम्झौताले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको 'पारस्परिक' भन्सार शुल्कको सबैभन्दा बढी दण्डलाई रोकेको छ। यद्यपि विश्लेषकहरूले यसले वासिङ्टन र बेइजिङबीच नयाँ गतिरोध निम्त्याउन सक्ने चेतावनी दिएका छन् ।दक्षिणपूर्वी एसियाली यो राष्ट्रसँग चीन र मेक्सिकोपछि संयुक्त राज्य अमेरिकासँग तेस्रो सबैभन्दा ठूलो व्यापार बचत छ र अप्रिल २ मा अमेरिकी राष्ट्रपतिको 'मुक्ति दिवस' भन्सार शुल्क आक्रमणमा उच्च दरहरूमध्ये एकको साथ लक्षित गरिएको थियो ।

बुधबार घोषणा गरिएको सम्झौता ट्रम्पले एसियाली राष्ट्रसँग गरेको पहिलो पूर्ण सम्झौता हो । यसले अझै पनि सम्झौताका लागि सङ्घर्ष गरिरहेका अन्य देशसँग वासिङ्टनले प्रयोग गर्ने टेम्प्लेटको झलक दिन सक्ने विश्लेषकहरूले बताएका छन् ।अर्को हप्ता लागू हुने ४६ प्रतिशत दरबाट बचेको भियतनामले कारहरू सहित अमेरिकी उत्पादनहरूका लागि आफ्नो बजार खोलेको बदलामा न्यूनतम २० प्रतिशत शुल्कको सामना गर्नेछ ।तर ४० प्रतिशत भन्सार शुल्क ती सामानहरूमा लाग्नेछ जुन उच्च व्यापारिक बाधाहरू छलेर देशबाट गुज्रिन्छ । यसलाई 'ट्रान्ससिपिङ' भनिन्छ ।

वासिङ्टनले हनोईमाथि आफ्नो भन्सार शुल्क छली गर्न चिनियाँ सामानहरूलाई पुनः लेबल गरेको आरोप लगाएको छ, तर विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनका कच्चा पदार्थहरू भियतनामको उत्पादन उद्योगहरूको जीवनरेखा हुन् ।"विश्वव्यापी दृष्टिकोणबाट, सायद सबैभन्दा चाखलाग्दो कुरा के हो भने यो सम्झौता फेरि ठूलो मात्रामा चीनको बारेमा देखिन्छ", क्यापिटल इकोनोमिक्सले भनेको छ, "विशेष गरी यदि आउँदो दिनमा सहमत भएका अन्य कुनै सम्झौतामा यस्तै सर्तहरू समावेश गरिएको छ भने यसले ट्रान्ससिपमेन्टका सर्तहरूलाई बेइजिङमा उक्साहटका रूपमा हेरिनेछ ।"

**लुकेको प्रश्न**

भियतनाममा ठूलो उपस्थिति रहेको कपडा कम्पनीहरू र खेलकुद उपकरण निर्माताहरूका सेयरहरू न्युयोर्कमा सम्झौताको समाचारमा बढेका छन् । तर विवरणहरू जारी भएपछि तिनीहरू तीव्र रूपमा घटे ।

"यो फ्ल्याट ४६ प्रतिशत भन्सार शुल्कभन्दा धेरै राम्रो परिणाम हो, तर मैले अझै उत्सव मनाउने छैन", हनोईस्थित एसियाली व्यापार सल्लाहकार फर्म देजान शिरा एन्ड एसोसिएट्सका डान मार्टिनले भन्नुभयो, "अब सबै कुरा अमेरिकाले ट्रान्ससिपमेन्टको विचारलाई कसरी व्याख्या गर्ने र लागु गर्ने भन्ने कुरामा निर्भर गर्दछ । यदि अमेरिकाले व्यापक दृष्टिकोण लिन्छ र विदेशी पार्टसहरू प्रयोग गर्ने उत्पादनहरूमाथि प्रश्न गर्न थाल्छ भने, भियतनाममा वास्तविक रूपमा मूल्य थपिए पनि यसले नियमहरूअनुसार खेलिरहेका धेरै कम्पनीहरूलाई असर गर्नसक्छ ।"

भियतनामको सरकारले बुधबार राति एक वक्तव्यमा सम्झौता अन्तर्गत देशले 'ठूला इन्जिनका कारहरू सहित अमेरिकी सामानहरूका लागि प्राथमिकताको बजार पहुँच' को वाचा गरेको बताएको छ ।तर उक्त वक्तव्यले ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा घोषणा गरेको सम्झौतामा ट्रान्ससिपमेन्ट व्यवस्थाहरूको बारेमा थोरै विवरण दिएको छ ।ब्लुमबर्ग इकोनमिक्सले सम्झौताको परिणामस्वरूप भियतनामको कुल घरेलु उत्पादन (जिडिपी) को दुई प्रतिशतभन्दा बढी खतरामा पर्न सक्छ भन्दै हनोईले मध्यम अवधिमा संयुक्त राज्य अमेरिकामा आफ्नो निर्यातको एक चौथाइ गुमाउन सक्ने पूर्वानुमान गरेको छ ।

ट्रान्ससिपिङ कसरी 'परिभाषित वा लागु' हुनेछ भन्ने अनिश्चितताले कूटनीतिक असर पार्ने सम्भावना रहेको ब्लुमबर्ग इकोनमिक्सका विशेषज्ञ राणा साजेदीले बताउनुभयो ।"अब चीनले कसरी प्रतिक्रिया दिनेछ भन्ने प्रश्न उठेको छ, बेइजिङले स्पष्ट पारेको छ कि यसले चिनियाँ हितहरूको खर्चमा आएका सम्झौताहरूलाई जवाफ दिनेछ", उहाँले भन्नुभयो, "भियतनाम हुँदै 'ट्रान्ससिप' गरिएको मानिने सामानहरूमा उच्च भन्सार शुल्कमा सहमत हुने निर्णय त्यस श्रेणीमा पर्न सक्छ ।

# सुदूरपश्चिम यू-१९ महिला क्रिकेटको उपाधि डडेल्धुरालाई

बैतडी ।सुदूरपश्चिम प्रदेशस्तरीय यू-१९ महिला क्रिकेट प्रतियोगिताको उपाधि डडेल्धुराले जितेको छ । विहिबार सम्पन्न फाइनल खेलमा डडेल्धुराले कञ्चनपुरलाई ५ रनले पराजित गरेको हो । उपाधिसँगै डडेल्धुराले रु दुई लाख पुरस्कार तथा कञ्चनपुरले रु एक लाख पुरस्कार प्राप्त गरेको छ ।




कैलालीको फाप्ला क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको डडेल्धुराले निर्धारित २० ओभरको खेलमा १६ दशमलव ५ ओभरमा सवै विकेट गुमाएर ८८ रन बनायो । उनानब्बे रनको विजयी लक्ष्य पछ्याउने क्रममा कञ्चनपुरको पारी नौ विकेट गुमाउँदै ८३ रनमा समेटियो ।

डडेल्धुराका लागि हीरा साउदले २४ रनको अविजित पारी खेलिन् । अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । कञ्चनपुरले २० रन अतिरिक्त दिएको थियो ।

बलिङतर्फ कञ्चनपुरका पुनम जोशीले र सावित्री धामीले ३-३ तथा अर्चना चन्दले २ र गङ्गा खड्काले एक विकेट लिइन् ।यसअघि ब्याटिङ गर्ने क्रममा कञ्चनपुरका लागि अर्चना चन्दले २४ र दीपा बडूले १३ रन बनाइन् । बलिङतर्फ मनिषा खत्री र हीरा साउदले २-२ तथा आशिका महरा, सञ्जु साउद र निशा खठायतले १-१ विकेट लिइन् ।

विजेता तथा उपविजेता खेलाडीलाई सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्का सदस्य सचिव लोकबहादुर खड्कालगायतले पुरस्कार वितरण गरे ।

प्रदेश खेलकुद परिषद्को आयोजनामा यही असार १२ गतेदेखि सुरू भएको उक्त प्रतियोगितामा सुदूरपश्चिमका ८ जिल्ला सहभागी थिए ।रासस

# प्रधानमन्त्री ओलीद्वारा रियल मेड्रिडको रङ्गशाला अवलोकन

मेड्रिड । प्रधानमन्त्री केपी शर्मा ओलीले स्पेनको मेड्रिडस्थित विश्व प्रसिद्ध फुटबल क्लब रियल मेड्रिडको सान्टियागो बर्नाबाउ रङ्गशालाको विहिबार अवलोकन भ्रमण गर्नुभएको छ ।

प्रधानमन्त्री ओलीलाई क्लबका अन्तर्राष्ट्रिय निर्देशक पेद्रो मार्टिन दे मिगेलले स्वागतससहित अत्याधुनिक रङ्गशालाको भ्रमण गराउनुभएको हो । उहाँले आफू रियल मेड्रिडको फ्यान रहेको उल्लेख गर्दै सुविधासम्पन्न रङ्गशाला देखेर खुसी लागेको प्रतिक्रिया दिनुभयो ।

प्रधानमन्त्री ओलीलाई अन्तर्राष्ट्रिय निर्देशक मिगेलले क्लबको जर्सी उपहार दिनुभएको थियो । निर्देशक मिगेलले क्लबको तालिम र भर्नामा सहभागी हुन नेपाली विद्यार्थीलाई प्रोत्साहन गर्नुभयो ।



स्पेनको सेभियामा संयुक्त राष्ट्रसङ्घको विकासका लागि वित्त सम्मेलनका कार्यक्रम सकिएपछि हाल मेड्रिडमा रहनुभएका प्रधानमन्त्री ओली मेड्रिडमा विभिन्न कार्यक्रममा सहभागी हुनुभएको हो ।

रङ्गशाला अवलोकनका क्रममा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, खानेपानी मन्त्री प्रदीप यादव, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई, स्पेनका लागि नेपाली राजदूत शनिल नेपाललगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# विश्वकै ठुलो शालिग्राम शिला एक महिनादेखि डुबानमा



पर्वत । पर्वत, स्याङ्जा र गुल्मीको सङ्गम स्थलमा रहेको विश्वकै ठुलो शालिग्राम शिला विगत एक महिना यता डुबानमा परेको छ ।

मनसुन सुरु भएसँगै कालीगण्डकी नदीको सतह बढेका कारण शालिग्राम शिला डुबानमा पर्नुका साथै आसपासका संरचनासमेत भत्किएर जोखिममा परेको छ । शिलामा जाने बाटो, नजिकै रहेको सत्तल र परिक्रमा स्थल डुबिसकेको शालिग्राम विद्याश्रमका संरक्षक कुलराज तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार जेठ अन्तिम सातादेखि नै शालिग्राम शिला डुबानमा परेको हो ।

यतिबेला नियमित वर्षा भएकाले कालीगण्डकीमा पानीको सतह ह्वात्तै बढेको छ । शिला डुबानमा परेसँगै उक्त क्षेत्रमा कार्यरत पुजारी तथा पण्डितसमेत विस्थापित बनेका छन् भने नियमित पुजापाठ र दर्शन गर्न आउने भक्तजन पनि शालिग्राम शिला दर्शन गर्नबाट बञ्चित बनेका छन् ।

सेतीवेणीमा मिसिने सेतीखोलाको बहाव र कालीगण्डकी उच्च बहावले शिला परिक्रमा स्थलसमेत पूर्णरुपमा क्षतविक्षत बनेको स्थानीय तिलक पराजुलीले बताउनुभयो । पवित्र शालिग्राम शिलासँगै शालिग्राम क्षेत्रका सत्तल लगायतका सबै संरचना डुबानमा परेका छन् । शिला संरक्षणका लागि बनाएको तटबन्ध र ग्याबिन जालीसमेत पानीले पुरिएपछि शिलामा दर्शन गर्न जान रोक लगाइको छ ।

कालीगण्डएकी 'ए' जलविद्युत् आयोजनाको बाँधका कारण बाढी आउँदा पर्वत, स्याङ्जा र गुल्मीको सिमानामा पर्ने सेतीबेणीबजार डुबानको खतरामा पर्ने गरेको हो । कालीगण्डकी र सेतीखोलाको बहाव बढेसँगै सेतीबेणीबजार डुबानमा पर्ने चिन्ताले पर्वतमा पर्ने बजार क्षेत्र र स्याङ्जाको गल्याङ नगरपालिका वडा नं ५ तर्फको बजार क्षेत्रका झण्डै २०० व्यापारी तथा सर्वसाधरण त्रसित बनेका छन् ।

गत वर्ष साउनमा आएको बाढी बजारसम्म पुगेपछि एक घर भत्किनुका साथै आधा दर्जन घर विस्थापित बनेका थिए । कालीगण्डकी नदीलाई बहाव परिवर्तन नगरेसम्म जोखिम कायमै रहिरहने गल्याङ-५ का अध्यक्ष घनश्याम भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार गुल्मीतर्फबाट बहाव लगेर शालिग्राम शिलाको संरक्षण गर्नुपर्ने उहाँको माग रहेको छ ।

शालिग्राम शिला अवस्थित स्थानको नजिकमा रहेको स्याङ्जाको गल्याङ नगरपालिका, पर्वतको विहादी गाउँपालिका र गुल्मीको कालीगण्डकी गाउँपालिकाले आवश्यक समन्वय गरेर सेतीवेणी क्षेत्रको संरक्षण गर्नुपर्ने विहादी गाउँपालिकाका अध्यक्ष प्रविन गुरुङले जानकारी दिनुभयो ।रासस

# बाख्रापालनका लागि साझेदारीमा व्यवस्थित खोर निर्माण

कञ्चनपुर ।शुक्लाफाँटा नगरपालिकामा बाख्रापालनका लागि साझेदारीमा सुरक्षित खोर निर्माण गरिएका छन् । कनेक्ट परियोजनाअन्तर्गत नगरपालिकाका छ वडाका २६ बाख्रापालक किसानका लागि साझेदारीमा खोर निर्माण गरिएको हो । सिमेन्टका पिल्लर, काठ, नट, बोल्ट, फलामका किला, जस्तापाता, तारजालीको प्रयोग गरी हिमालयन नेचर, नगरपालिका र किसानको संयुक्त साझेदारीमा सुरक्षित खोर निर्माण गरिएको छ ।

हिमालयन नेचरका कार्यक्रम संयोजक श्रीराम घिमिरेका अनुसार शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने सुनदेवी मध्यवर्ती समितिअन्तर्गत पर्ने नगरपालिकाका वडा नं १०, ६ र ७ मा गरी १३ र त्रिशक्ति मध्यवर्ती समितिअन्तर्गत पर्ने नगरपालिकाका वडा नं १, २ र ५ मा गरी १३ बाख्रापालनका लागि खोर निर्माण गरिएका छन् । "मध्यवर्ती क्षेत्रका किसानलाई व्यावसायिकरुपमा बाख्रापालनतर्फ डोर्‍याउनका लागि साझेदारीमा खोर निर्माण गरेका छौं", उहाँले भन्नुभयो, "घरमै घाँसखेती गरी किसानले खोरमै सुरक्षित तरिकाले बाख्रपालनको कार्य गर्दै आएका छन् ।"

खोर निर्माणका लागि प्रति किसानलाई हिमालयन नेचरले रु २५ हजार, नगरपालिकाले रु १५ हजार, बाख्रापालक किसानले रु पाँच हजारसहित खोर निर्माणका लागि काठको व्यवस्था मिलाएको उहाँले बताउनुभयो । काठ र अन्य सामग्री गरी प्रति खोर निर्माण गर्न रु दुई लाख बढीको खर्च आएको उहाँले उल्लेख गर्नुभयो । नगरपालिकाको वडा नं ७ का बाख्रापालक किसान रमेश दमाईले निकुञ्ज नजिकैको बस्ती भएकाले चितुवा लगायतका जनावरले गोठबाटै तानेर बाख्रा खाइदिने गरकामा सुरक्षित र व्यवस्थित तरिकाले खोर निर्माण गरिएपछि बाख्रालाई जोगाउन सकिएको बताउनुभयो ।



"खोरमा तारजालीको व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो, "चितुवा लगायतका हिंस्रक जनावरले बाख्रालाई अब नोक्सान पुर्याउन सक्दैनन्, सहज रुपमा बाख्रापालनको कार्य गर्न सकिने भएको छ ।" वडा नं १० का किसान बिरु चुनाराले परम्परागत गोठमा बाख्रालाई बाध्ने कार्य गरिँदा सरसफाइ गर्न निकै समस्या हुने गरेको बताउनुभयो । "बाह्य परजिवीको त्यतिकै समस्या हुन्थ्यो", उहाँले भन्नुभयो, "अहिले अग्लो तारजालीसहितको व्यवस्थित खोर निर्माण गरिएकाले बाख्राको मलमुत्र व्यवस्थापन गर्न सहज भएको छ, घाँस दानापानी खुवाउन सहज छ ।"

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष लवबहादुर विष्टले किसानलाई अनुदानमा खोर निर्माण गरिएपछि निकुञ्ज तथा सामुदायिक वन माथिको निर्भरता कम हुने बताउनुभयो । खेतबारीमै किसानले घाँस उत्पादन गरी खोरमै बाख्रापालन गरी आम्दानी लिने भएकाले विगतको जस्तो वन क्षेत्रमा चराउनका लागि लैजानुनपर्ने उहाँको भनाइ थियो ।

नगर प्रमुख रणबहादुर महराले व्यवस्थित तरिकाले खोर निर्माण गरिएकाले खोर सफा, सुक्खा र हावा चल्ने भएकाले बाख्रालाई रोग कम लाग्ने, परजिवीको सङ्क्रमण कम हुने र चिसो/तापबाट बचाउन सहयोग पुर्याउने बताउनुभयो ।


"व्यवस्थित खोरले बाख्राको स्वास्थ्य सुदृढ हुन्छ", नगर उपप्रमुख कल्पना पन्तले भन्नुभयो, "आम्दानी बढने कार्यसँगै थोरै लगानीमा धेरै फाइदा दिने राम्रो उपायका रुपमा व्यवस्थित खोर रहेको छ ।" अनुदानमा खोर निर्माण गरेका किसानले सातदेखि १५ सम्म बाख्रापालनको कार्य गरेका छन् । बाख्रापालन गरी वर्षमा किसानले रु ७० हजारदेखि रु एक लाख २० हजारसम्म आम्दानी गर्दै आएका छन ।रासस

# बारपाकको दलित बस्ती: घर २१, शौचालय एक

गोरखा । दिपासा बिक (१८ महिने सुत्केरी) हरेक दिन बिहानको ३-४ बजे हातमा लोटा लिएर घरमाथिको शौचालय पुग्नुहुन्छ । तीस वर्षकी उहाँसँगै छरछिमेकका अन्य छोरी बुहारीहरु कोही एकाबिहानै र कोही मध्यरातमा शौचालय धाउँछन् । बारपाक सुलिकोट गाउँपालिका वडा नं-२ दलितबस्तीका महिलाहरु यसरी मध्यरातमा शौचालय धाउनुपर्ने कारण चाहिँ, 'घरधुरी २१, शौचालय एक' भएर हो ।

तुलनात्मक रुपमा सम्पन्न बारपाकको पुछारमा रहेको दलितबस्ती सबै हिसाबले पिछडिएको छ । २०७२ सालको विनाशकारी भूकम्प गएको १० वर्ष बितिसक्दा पनि यहाँका बासिन्दा अझै त्रिपालभित्र बस्न विवश छन् । दलितबस्तीको मुख्य समस्या शौचालय हो । २१ घरधुरी रहेको दलितबस्तीमा जम्मा एउटा शौचालय छ । त्यो पनि धेरै व्यक्तिले एउटै शौचालय प्रयोग गर्दा बस्तीमा बेलाबखत सरुवा रोग समेत फैलिने गरेको छ । स्थानीय मङ्गलबहादुर सुनारका अनुसार बस्तीमा हैजा, ज्वरो, झाडापखाला, रुघाखोकी लगायतका सरुवा रोगहरु फैलिरहन्छ । 'यहाँ त सबैलाई कोरोना आए कोरोना, भाइरल ज्वरो आए भाइरल ज्वरो, डेंगी आए सबैलाई डेंगी हुने हो', उहाँले भन्नुभयो, 'सबैले एउटै शौचालय प्रयोग गर्दा गर्मी समयमा सजिलै रोग फैलन्छ ।' उहाँका अनुसार कोभिड महामारीको समयमा मात्र बस्तीका पाँच जनाको मृत्यु भएको थियो ।

आफूहरु फोहोरमैलामा बसेका कारण सामाजिक रुपमा अपहेलित हुनु परेको अर्की स्थानीय ५७ वर्षकी मैती सुनार बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'भेदभाव किन नहोस्, सबैको ठुल्ठूला महल छन्, सफा आँगन ट्वाइलेट छ । हामी भने यस्तो फोहोरमा बस्छौँ । हेलाहोचो



जीर्ण । राम्रोसँग ढोका पनि नलाग्ने ।

सिङ्गो दलितबस्तीलाई शौचालयको समस्याले पिरोलेको अर्का स्थानीय दिपासा बिक गुनासो गर्नुहुन्छ । "सरकारले हामीलाई घर बनाइदिन्छौं, जग्गा दिन्छौं भनेर १० वर्षअघि यहाँ ल्यायो । हामीले हाम्रो पुरानो घरघडेरीको लालपूर्जा पनि सरकारलाई दिइसक्यौं तर, के गर्नु अहिलेसम्म घर त के, गतिलो शौचालय समेत बनाउन सकेका छैनौं", उहाँले भन्नुभयो, "हामी अहिले सरकारी जग्गामा बस्दै आएका छौं । आफ्नो हिसाबले शौचालय बनाउन पनि सक्दैनौं ।"

शौचालय नहुँदा विशेषगरी यहाँका महिला तथा किशोरीहरु समस्यामा छन् । १६ वर्षकी अर्की किशोरी अमृता बिकले घरैपिच्छे शौचालय नहुँदा धेरै दुःख सहनु परेको गुनासो गर्नुभयो । उहाँ भन्नुहुन्छ, 'सबैभन्दा धेरै समस्या महिनावारीको समयमा हुन्छ । एउटा मात्र शौचालय छ, बिहान बेलुका धुँइचो लाग्छ । राती पनि जाँडरक्सी खाएका केटाहरुले धेरै फोहोर गर्दिन्छन् ।' व्यवस्थित शौचालय नहुँदा बस्तीका मानिसले खुल्ला दिसापिसाव गर्न बाध्य रहेको उहाँको भनाइ छ ।

एक्काइस घरधुरीका ५० भन्दा भैहाल्छ नि ।' बारपाकको सौन्दर्यमा मन्त्रमुग्ध हुने जो कोहीले त्यही मुनि खोल्साको छेउको दलित बस्तीमा भने नजर लाउन छुटाइरहेका हुन्छन् ।

२०७२ साल वैशाख १२ गते ११:५६ बजे बारपाक केन्द्रविन्दू भएर गएको ७.८ रेक्टरको भूकम्पले यहाँका एघारसय घरधुरी क्षणभरमै ढले । गाउँका ७२ जनाको मृत्यू भयो । बाँचेकाहरु पनि महिना दिनसम्म चौरमा, बारीका गरामा बास बसे ।डाँडागाउँ, गैरीगाउँ, कोटडाँडा टोलका ४१ घरधुरी बिक समुदाय कृषि र पशु कार्यालयको नाउँमा रहेको जग्गामा आएर अस्थायी टहरो बनाएर बसे । १४ घरधुरी फेरि आ-आफ्नै थातथलोमा फर्किए ।

डाँडागाउँ, गैरीगाउँ टोलका २७ घरधुरीको पुरानो थलो पहिरिएर राङरुङखोलासम्म पुग्यो । फर्किन सक्ने अबस्था नभएपछि उनीहरुले आफ्नो घरघडेरीको लालपूर्जा सरकारलाई बुझाए र सट्टापट्टा गरी सोही सरकारी जग्गा आफ्नो नाउँमा ल्याउन पहल थाले । पहल गरेको १० बर्ष बितिसक्दा पनि अझै सफल हुन सकेको छैनन् । रासस

# वैदेशिक रोजगारबाट फर्केर केराखेती



कैलाली । धनगढी उपमहानगरपालिका-१४ फूलबारी एचगाउँका पुष्पराज भण्डारीले व्यावसायिक केराखेती गर्दै आउनुभएको छ । उहाँले भण्डारी बहुउद्देश्य कृषिफार्म दर्ता गरी विगत छ वर्षदेखि व्यवसाय गर्दै आउनुभएको छ ।

सोह्र वर्षको कलिलै उमेरमा वैदेशिक रोजगारीका लागि मलेसिया जानुभएका भण्डारी २० वर्षसम्म वैदेशिक रोजगार गरी घर फर्किएपछि केराखेतीमा लाग्नुभएको हो । उहाँले कोराना महामारी फैलिएपछि भएको 'लकडाउन' कै बीचमा व्यवसाय सुरु गर्नुभएको हो । "विदेशबाट फर्केएपछि फुर्सदमा घर बसिरहेको थिए, त्यतिबेला नेपालसहित सारा विश्व नै कोभिड-१९ को महामारीमा थियो । उक्त समयमा बजारमा अर्को व्यापार सुरु गर्ने अवस्था थिएन", भण्डारीले भन्नुभयो, "गाउँमा केही व्यक्तिले केराखेती व्यवसाय गरेका थिए, त्यो देखेर मैले पनि अब केराखेती नै गर्नुपर्छ भन्ने व्यवसाय सुरु गरेको हुँ ।"

उहाँले आफ्नो एक बिघा जमिनमा केराखेती गर्नुभएको छ । त्यसबाट वार्षिक रु १५ लाख बराबर केराको कारोबार हुने र रु १० लाख जति फाइदा हुने गरेको भण्डारीले सुनाउनुभयो । उहाँले उत्पादित केरा बिक्रीका लागि धनगढी र नजिकैको स्थानीय बजारमा बिक्री गर्ने गरेको बताउनुभयो । कृषक भण्डारीको परिवारमा आमा, श्रीमती, छोराछोरी गरी पाँच जना छन् । उहाँले परिवारको लालनपालन, छोराछोरीको शिक्षादीक्षालगायत सम्पूर्ण खर्च सोही व्यवसायबाट धान्दै आउनुभएको छ ।

हिजोआज धेरैजसो व्यक्तिहरू कमाउनका लागि विदेश पलायन भइरहेका बेला भण्डारी भने विदेशको मोह त्यागेर आफ्नो ठाउँ र परिवारसँगै बसेर व्यवसाय गरिरहनुभएको छ । "गर्न जान्यो भने आफ्नै देशमा पनि केही हुन्छ भन्ने उदाहरण दिइरहेको छु । पाँच जनाको परिवारको खर्च यसैबाट टरेको छ", उहाँले भन्नुभयो, "सबैभन्दा ठूलो कुरा आफ्नै देशमा घरपरिवार, समाज र साथीभाइसँगै बसेर रमाउन र कमाउन पाइएको छ । यो नै खुसीको कुरा हो ।"

भण्डारीको बसोबास क्षेत्र अर्थात् वडा नं १४ मा हिजोआज १० जना जति कृषकले केराखेती गरिरहेका छन् । यसको विकास र बिस्तारका लागि सरकारले अनुदानका साथै समयमै मलखाद र बीउबिजन सहुलियत मूल्यमा उपलब्ध गराई दिए धेरै सहज हुने उहाँको भनाइ छ ।रासस

# परीक्षण गरिएका सबै फार्मको महमा पौष्टिक तत्त्व भरिपूर्ण

चितवन । यहाँ उत्पादित महमा पौष्टिक तत्व भरिपूर्ण रहेको पाइएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प्रयोगशालामा गरिएको परिक्षणमा यहाँ उत्पादित महमा पौष्टिक तत्त्व भरिपूर्ण भएको पाइएको हो ।

मौरी विकास केन्द्र भण्डाराका प्रमुख सुजन अमगाइँका अनुसार नेपाल सरकारले बनाएको मापदण्डअनुसार चितवनमा उत्पादित महको गुणस्तर राम्रो भएको र पौष्टिक तत्वले भरिपूर्ण रहेको पाईएको हो । मौरीपालन विकास केन्द्र भण्डारा र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइले महको गुणस्तर परीक्षणका लागि ११ वटा फार्मबाट नमूना सङ्कलन गरि पठाएको थियो । परीक्षणका क्रममा सबै नमूना गुणस्तरयुक्त पाइएको हो ।

उहाँले भन्नुभयो, "चितवनका ११ वटा फार्मबाट रुदिलो, तोरी, चिउरी, फापर र जङ्गली स्रोतको मह परीक्षणका लागि नमूना पठाइएका थियौं, सबैमा हाइड्रोअक्सिमिथाइल फुरफुरल राम्रो पाइएको छ ।" यो परीक्षणपछि यहाँ उत्पादित महको प्रयोग ढुक्कका साथ गर्न सकिने उहाँले बताउनुभयो ।

उहाँका अनुसार महमा पानीको आद्रता, फुक्टोज गुलकोज अनुपात, रिड्युसिङ सुगर, हाइड्रोअक्सिमिथाइल फरफुरल, खरानी, फर्मिक एसिड, पानीमा अघुलनशील पदार्थ, शुक्रोजको मात्रा परीक्षण गरिएको थियो । उहाँले भन्नुभयो, "परीक्षणको क्रममा हाइड्रोअक्सिमिथाइल फरफुरलको मात्र प्रतिकिलो १० देखि १५ एमजीसम्म रहेको पाइएको छ, प्रतिकिलो महमा ४० एमजीभन्दा माथि भएमा राम्रो मानिँदैन ।" प्रति किलो महमा ४० एमजीभन्दा माथि भएको महलाई प्रशोधन गरिएको तथा चर्को ताप दिइएको मानिन्छ ।रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०३/२० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय सिन्धुलीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — २०८२/०३/२६ गते/स्थान : शाखा कार्यालय सिन्धुली

**बोलपत्र खोलिने मिति/समय** — २०८२/०३/२९ गते, आइतबार दिनको ३ बजे

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : श्रेष्ठ आईरन स्टोर प्रा.लि.**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>दर्ता नं. २४५८६५/०७७/०७८, दर्ता मिति : २०७७/०७/०४, पान नं. ६०९८३७२१८, जारी मिति : २०७७/०७/०४<br>ठेगाना : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. १, **संचालक तथा शेयरधनि : कृष्ण राज श्रेष्ठ** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : कृष्ण राज श्रेष्ठ**<br>ना.प्र.नं. २०८०३/२९७८, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०४४/११/२७<br>बाबुको नाम : अम्बर बहादुर श्रेष्ठ<br>बाजेको नाम : सन्ता कुमार श्रेष्ठ<br>ठेगाना : सिन्धुली जिल्ला, पाटनदेवी वडा नं. ३<br>हाल : सिन्धुली जिल्ला, तीनपाटन गा.पा. वडा नं. २ | **२. नाम : भदैया कुमर**<br>ना.प्र.नं. ८१४/१११४२, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०३६/०३/०६<br>बाबुको नाम : हौवा कुमर<br>बाजेको नाम : बाबु लाल कुमर<br>ठेगाना : सिन्धुली जिल्ला, टाडी गा.वि.स. वडा नं. ४<br>हाल : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ११ |
| | **धितोको विवरण** | |
| | १. भदैया कुमरको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, टाडी गा.वि.स. वडा नं. ४/४ क स्थित कित्ता नं. ८१५ को क्षेत्रफल ०-८-१५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. अम्बर बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ५/५ ख स्थित कित्ता नं. १२९२ को क्षेत्रफल ०-३-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिन्धुली, फोन नं. ०४७-५२१०९३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०३।१९ गते

WELT HUNGER HILFE(WHH) को आर्थिक सहयोगमा जानकी महिला जागरण समाज (JWAS), आसमान नेपाल, र PAC Nepal को सहकार्यमा धनुषा जिल्लाको ३ वटा स्थानीय तहहरुमा (गणेशमान चारनाथ न.पा., शहिदनगर न.पा. तथा जनकनन्दीनी गा.पा.) संचालित प्रकृतिमा आधारित स्थानीय कृषि खाद्य प्रणालीका लागि नागरिक समाज Civil society for nature-based local agri-food-systems (CS4FS) कार्यक्रममा आवद्ध किसानहरुका लागी फलफुलका बिरुवाहरु मार्फत कृषि वन प्रवर्द्धन तथा आयआर्जनमा सहयोग गर्नका निम्ति यस संस्थालाई यसै सूचना बमोजिमको बोलपत्र आह्वान सम्बन्धी दस्तावेज Terms of Reference (ToR) मा उल्लेख भएका फलफुलका बिरुवाहरु आवश्यक्ता भएकोले सम्बन्धित इच्छुक इजाजत प्राप्त दर्तावाला नर्सरी, फर्म, वा सो सम्बन्धि व्यवसाय गर्ने कम्पनीहरूबाट यस संस्थाले जारी गरेको बोलपत्र आह्वान सम्बन्धी दस्तावेज Terms of Reference (ToR) मा उल्लेखित कार्यालयको ठेगानामा प्राप्त हुने गरी नर्सरी/फर्म/कम्पनीहरूको विवरणका साथै सिलबन्दी बोलपत्र आवेदन आगामी मिति २०८२ असार ३२ गते कार्यालय समय दिनको ०५:०० बजेभित्र यस कार्यालयमा प्राप्त हुने गरी पेश गर्नका लागि आह्वान गर्दछौं ।

बोलपत्र आवेदनका लागि इच्छुक नर्सरी, फर्म/कम्पनीले यस संस्थाका लागि आवश्यक फलफुलका बिरुवाहरुको विवरण लगायत अन्य जानकारी सहितको बोलपत्र सम्बन्धि पूर्ण दस्ताबेज Terms of Reference (ToR) र यससँग सम्बन्धित अन्य कागजात तथा जानकारीको विवरण प्राप्त गर्न यस संस्थाको jwasprocure2025@gmail.com इमेल ठेगानामा इमेल मार्फत अनुरोध गरेमा यथासक्य चाँडै इमेल मार्फत नै उपलब्ध गराइनेछ ।

# 'दाहा'मा डिजे र हतियार प्रदर्शनमा निषेध



**टुडे समाचारदाता**

वीरगञ्ज । मुस्लिम धर्मावलम्बीको पर्व मोहर्रमा प्रदर्शन गर्दै आएका 'ताजिया' अर्थात ' दाहा' मा डिजे र हतियारको प्रदर्शन निषेध गरिने भएको छ। वीरगञ्जमा यही असार २२ गते हुने 'दाहा'लाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउनका लागि बिहीबार वीरगञ्ज महानगरका मेयर, जिल्लाका सुरक्षा निकायका प्रमुख र मुस्लिम अगुवाहरू बीच आज छलफल भएको छ।

वीरगञ्ज महानगरपालिकामा भएको छलफलमा 'दाहा'लाई लक्षित गरी विभिन्न ६ बुँदे निर्णय गरिएको छ । सो बैठकले असार २२ गते आइतबार परेको ' ताजिया' अर्थात 'दाहा'का दिन वीरगन्जका विभिन्न वडाबाट निकालिने ताजियालाई घण्टाघरमा जम्मा हुन दिने, प्रत्येक वडाबाट निकालिने ताजियाका लागि संयोजन टोली गठन गरी असार २० गतेभित्र जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउने, ताजिया निकाल्दा हातहतियार र डिजेको प्रयोग पूर्ण रूपमा निषेध गर्ने, बालबालिकालाई ताजियामा सहभागी नगराउने, जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने कुनै पनि गतिविधि नगर्ने /नगराउने, वीरगञ्ज महानगरका मेयर राजेशमान सिंहको संयोजकत्वमा एक मुस्लिम समुदायका प्रतिनिधि र सुरक्षा निकायका प्रमुखहरू सम्मिलित अनुगमन समिति गठन गर्ने तथा कार्यक्रमको सम्पूर्ण सुरक्षा स्थानीय प्रहरी प्रशासनले गर्ने निर्णय गरेको छ।

गत चैत २८ गते हनुमान जयन्तीका अवसरमा वीरगञ्जमा निकालिएको शोभा यात्राका क्रममा भएको तनावपूर्ण अवस्थाको पुनरावृत्ति रोक्न स्थानीय सरकार र सुरक्षा निकायहरू यसपटक गम्भीर र सतर्क देखिएका हुन्। धार्मिक सद्भावमा असर पार्ने गतिविधिबाट शिक्षा लिँदै, मुस्लिम समुदायको महत्वपूर्ण पर्व दाहालाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउने उद्देश्यले सरोकारवालाहरूबीच छलफल गरिएको छ।

# 'प्लान्ट क्वारेन्टिन' को असुविधाले व्यवसायीलाई मर्का

## सीमावर्ती क्षेत्रमा जिल्लाको माडर भन्सार कार्यालयमा प्लान्ट क्वारेन्टिन सेवा नहुँदा व्यवसायीहरुलाई विराटनगर वा जलेश्वर पुग्नुपर्ने बाध्यात्मक अवस्था रहेका छ ।

**टुडे समाचारदाता**

लहान। सिरहामा 'प्लान्ट क्वारेन्टिन' सेवा उपलब्ध नहुँदा कृषिजन्य वस्तु आयात तथा निर्यात गर्ने व्यवसायीलाई सास्ती भोग्न बाध्य छन् ।

सीमावर्ती क्षेत्रमा जिल्लाको माडर भन्सार कार्यालयमा प्लान्ट क्वारेन्टिन सेवा नहुँदा व्यवसायीहरुलाई विराटनगर वा जलेश्वर पुग्नुपर्ने बाध्यात्मक अवस्था रहेका छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा मातहतका विभागले प्लान्ट क्वारेन्टिन प्रयोगाशालाको आवश्यकता औँल्याए । तर अहिलेसम्म पनि प्लान्ट क्वारेन्टिन स्थापना नहुँदा व्यवसायीहरुलाई निकै समस्या भइरहेको एक व्यवसायीले जानकारी दिए।

विसं २०७८ असोजमा कृषिजन्य वस्तुको निरीक्षण र परीक्षण गरी छोडपुर्जी दिने उद्देश्यले सिरहा, महेशपुर र सुठौली भन्सारमा प्लान्ट क्वारेन्टिन स्थापना गर्ने निर्णय भएको थियो। कृषि तथा पशुपन्छी मन्त्रालय र प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवनमार्फत सम्बन्धित कार्यालयहरूमा प्राविधिक खटाउन पत्राचार पनि भएको थियो।

सो निर्णय भएको लामो समय वितिसक्दा पनि प्लान्ट क्वारेन्टिनको व्यवस्था नहुनुले सेवा प्रवाहमा गम्भीर समस्या उत्पन्न भएको माडर स्थित भन्सार कार्यालयका प्रमुख तोयानाथ सापकोटा बताए । हालै कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव दीपक खरालको




नेतृत्वमा आएको प्रतिनिधिमण्डल र भन्सार अधिकारीबीच प्लान्ट क्वारेन्टिन स्थापना गर्ने सम्बन्धमा छलफल भएको छ।

प्रमुख सापकोटाले चोरी पैठारी भएका खाद्यान्न सामग्री लिलाम बिक्री गर्नुपूर्व प्रयोगशाला परीक्षण गर्नुपर्ने बताए । अहिले ल्याब पनि नभएका र क्वारेन्टिन पनि नतोकिएका भन्सारहरुले खाद्य सामानको लिलाम गर्नुपूर्व 'ल्याब टेस्ट' गर्न असम्भव रहेको उनको भनाइ छ । सिरहा-सप्तरी क्षेत्रका कृषकहरूले उत्पादन गरेको आँप, लिचीलगायतको फलफूलको भारतीय बजारमा निर्यात गर्न 'प्लान्ट क्वारेन्टिन' आवश्यक छ।

'करको दर होइन, दायरा बढाउनुपर्छ' भन्ने सरकारी नीति र बजेट वक्तव्यमा समावेश नारा कार्यान्वयन गर्नका लागि पनि प्लान्ट क्वारेन्टिन अनिवार्य भएको सापकोटा बताए। माडरमा पूर्वाधार उपलब्ध, तत्काले सेवा सुरू गर्न सकिने माडरस्थित पशु क्वारेन्टिन कार्यालयमा प्रशस्त जमिन र सुविधासम्पन्न भवन छ । त्यही भवनमा प्लान्ट क्वारेन्टिनको कार्यालय राख्न सकिने भएकाले अर्को भवन खोजिरहनु नपर्ने प्रमुख सापकोटा बताए । माडरमा प्लान्ट क्वारेन्टिन कार्यालय स्थापना भएमा माडर, ठाडी र राजविराजस्थित भन्सार कार्यालय पनि समेटिने छन्।

प्रमुख सापकोटाले भने, "प्लान्ट क्वारेन्टिन कार्यालय स्थापनाबाट व्यवसायी, कृषक र सरकार तीनै पक्षलाई फाइदा हुनेछ । हामीले बारम्बार पहल गर्दै आएका छौं, आशा छ अब हाम्रो प्रयास सार्थक हुनेछ।"

# नेकपा एस धनुषाको अध्यक्षमा राजकिशोर यादव



**टुडे समाचारदाता**

जनकपुरधाम। नेकपा एकीकृत समाजवादी पार्टी धनुषाको सातौं जिल्ला अधिवेशनबाट अध्यक्षमा राजकुमार यादव निर्वाचित भएका छन् ।

उपाध्यक्षमा द्वय शोभित महतो र सुर्या पौडशानी, सचिवमा राम नारायण साह, उ-सचिवमा त्रय बबी कुमारी महतो, सुशील कुमार मण्डल र एक पद भने रित्त राखिएको छ।

त्यस्तै सदस्यहरुमा उमेश मण्डल, मन्तोरिया देवी दास, सुरेन्द्र प्रसाद ठाकुर, प्रशान्त अरविन्द, रामललित मण्डल, शिला कुमारी मडल, किरणकुमारी मण्डल, मरियम राइन, विनोद पासवान, दाउद नदाफ, धनिराम ठाकुर, रामबाबु रविदास, सुरतलाल यादव, योगेन्द्र महतो, विजयकुमार यादव, महेश कुमार साह, उर्मिला देवी यादव, सर्वजित पासवान रहेको जनाइएको छ।

त्यसैगरि रामकुमार महतो, हिरा देवी महतो, लाल बहादुर थापा, जीतबहादुर लामा, कविता कुमारी सिन्हा, गीताकुमारी दहाल, शर्मिला सुनुवार, प्रदीपकुमार बुढाथाकी, कोशिला देवी महरा, मुनीदेवी झा, धर्मशिला देवी यादव, दुरो कुमारी यादव, मधुकुमारी साह, बद्री यादव, नागेन्द्र प्रसाद साह, रामदेव साह तेली, विशेश्वर यादव, भोला गोहिवार यादव, जाकिर राइन, सन्तोषकुमार यादव, रानीवती देवी मण्डल, हिरिया कुमारी मुखिया, गंगाप्रसाद दास, फिरन दास तत्मा, रामविनेश पंजियारलगायतका ६८ सदस्यीय जिल्ला कार्य समिति गठन गरिएको जनाइएको छ।

सर्वसम्मत रुपमा भएका निर्वाचितहरुको नामवली हतारहतारमा सार्वजनिक गर्दा धनुषा जिल्ला हुनुपर्नेमा रौतहट जिल्ला समिती भनेर नामावली सार्वजनिक गरिएको छ।

# तरकारीमा निकासी करको विरोध

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा एक नगरपालिकाले तरकारीमा निकासी कर लगाएको विरोधमा सर्लाहीको लालबन्दीमा किसानले चक्काजाम गरेका छन् ।



लालबन्दीमा बिहीबार बिहानदेखि पूर्वपश्चिम राजमार्गमा किसानले चक्काजाम गर्दै तरकारी, फलफूल थोक बजार व्यवसायी संघले निकासी कर नहटाएसम्म किसानबाट तरकारी खरिद नगर्ने जानकारी दिए ।

नगरपालिकाले लगाएको करको विरोधमा व्यापारीले तरकारी खरिद नगरेपछि किसानले लालबन्दी-७ स्थित तरकारी बजार अगाडि पूर्वपश्चिम राजमार्गमै तरकारी राखेर चक्काजाम गरिरहेका छन् । व्यापारीले तरकारी खरिद नगरेपछि टाढाटाढाबाट तरकारी बिक्री गर्न आएका किसान अलपत्र परेका छन् ।

संघका अध्यक्ष देरेश चौधरीले नगरपालिकाले निकासी कर नहटाएसम्म किसानबाट तरकारी खरिद नगर्ने बताए। तरकारीमा लगाइएको निकासी करका विषयमा नगरपालिकासँग समन्वय गरी चक्काजाम खुलाउने प्रयासमा लालबन्दीका प्रहरी लागि परेका छन् ।

# स्रोत नखुलेको रकमसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । स्रोत नखुलेको ८ लाख ५० हजार रुपैयाँसहित २ जना पक्राउ परेका छन् । शहीदनगर नगरपालिका-३ स्थित यदुकुहाबाट बिहीबार बिहान उनीहरूलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत बिहार मधुवनी बासोपट्टी ग्राम पंचायत बस्ने ४१ वर्षीय श्रवण महतो र ३२ वर्षीय महेश कुमार झा छन् ।

इलाका प्रहरी कार्यालय यदुकुहाबाट खटिएको प्रहरीले बीआर ३२ वाई ९२६८ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई सो नगदसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

"मेलमिलापद्वारा विवादको समाधान, जनकपुरधाम उप-महानगरपालिका न्यायिक समितिको अभियान"

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

न्यायिक समितिको अधिकारक्षेत्र

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) बमोजिम देहायको विवाद निरुपण गर्ने अधिकार हुनेछ :

(क) आलीधुरी, बाँधपैनी, कुलो वा पानी घाटको बाँडफाँड, तथा उपयोग,
(ख) अर्काको बाली नोक्सानी गरेको,
(ग) चरन, घाँस, दाउरा,
(घ) ज्याला मजदुरी नदिएको,
(ङ) घरपालुवा पशुपंछी हराएको वा पाएका,
(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
(छ) नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
(ज) वार्षिक पच्चीस लाख रुपैया सम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा
(झ) अन्य व्यक्तिको घर जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी, झारेको,
(ट) सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,
(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्तष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको बाधा पुर्‍याएको,
(ड) संघीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य

त्यस्तै, दफा ४७ (२) अनुसार देहायको विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र निरुपण गर्ने अधिकार हुनेछ :

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकको हकको जग्गा अकासे चापी, मिची वा घुसाई खाएको,
(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,
(ग) पति-पत्नीबीचको सम्बन्ध विच्छेद,
(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,
(ङ) गाली बेइज्जती,
(च) लुटपिट,
(छ) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको,
(ज) अरुको आवासमा अनाधिकृत प्रवेश गरेको,
(झ) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,
(ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फयाँकी छिमेकीलाई असर पुर्‍याएको
(ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद।



किशोरी साह
उपप्रमुख

जनकपुधाम उप-महानगरपालिका
न्यायिक समिति
जनकपुरधाम, धनुषा, मधेश प्रदेश




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८